Soaltee Hotel Limited

सोल्टी होटल लिमिटेड
काठमाण्डौं

# ४२औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण

# (माइन्यूट)

## (Minutes)




## आर्थिक वर्ष २०७२/७३

## २०७३ पौष २५ गते

## (९ जनवरी २०१७)

## ताहाचल, काठमाण्डौं, नेपाल ।

Soaltee Hotel Limited

२०७३ माघ ७
(२० जनवरी २०१७)

**श्री आदरणीय शेयरधनी महानुभाव,**

सोल्टी होटल लिमिटेडको मिति **२०७३ साल पौष २५** गते तद्नुसार ९ जनवरी २०१७, सोमबारका दिन बिहान १०.३० बजे, **श्री सोल्टी क्राउन प्लाजा, मेघा मल्हार सम्मेलनकक्ष, ताहाचल, काठमाडौं नेपालमा** बसेको कम्पनीको **४२औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes) कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३)** बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति यसै साथ संलग्न गरी पठाएको ब्यहोरा अनुरोध छ ।

सःधन्यवाद ।

भवदीय,

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**संलग्न कागजातहरु :–**

१ **४२औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes)**

P O Box 3800, Tahachal, Kathmandu, Nepal, Telephone:- +977-1-4272567, 4273999, Fax: +977-1-4272201, 4272206 , E-mail: shl@soaltee.com.np
**सोल्टी होटल लिमिटेड रजिष्टर्ड अफिस ताहाचल, काठमाडौं**
कम्पनी दर्ता नं. ९६/०३२

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटल लिमिटेड

## ४२औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

१ **वैधानिक सभा**

सोल्टी होटल लिमिटेडको २०७३ मंसिर ९ गते (२४ नोभेम्बर २०१६) बिहिबारका दिन बसेको संचालक समितिको २०८औं बैठकको निर्णय, कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको ४२औं वार्षिक साधारण सभा कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको सभापतित्वमा निम्न मिति, स्थान, र समयमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भई सुसम्पन्न भयो ।

२ **सभाको मिति, स्थान र समय**

मिति: २०७३ साल पौष २५ गते तद्नुसार ९ जनवरी २०१७, सोमबारका दिन ।

स्थान: सोल्टी क्राउन प्लाजा, मेघा मल्हार सम्मेलनकक्ष, ताहाचल, काठमाडौं ।

समय: बिहान १०.३० बजे प्रारम्भ भई दिउसो १.०० बजे सम्पन्न भएको ।

३ **सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४२औं वार्षिक साधारण सभाको लागि शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना सहितको प्रारम्भिक संक्षिप्त सूचना कारोबार आर्थिक राष्ट्रिय दैनिकमा २०७३ मंसिर १५ गते र ४२औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु सहित जानकारीहरु समावेश रहेको बिस्तृत सूचना प्रथम पटक कारोबार आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७३ मंसिर ३० गते र दोश्रो पटकको बिस्तृत सूचना राष्ट्रिय दैनिक आर्थिक अभियान पत्रिकामा मिति २०७३ पौष ४ गते शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो । त्यसैगरी, कम्पनीका शेयरधनीहरुको ठेगानामा ४२औं वार्षिक साधारण सभा सम्बन्धी छलफलका विषयहरु सहितको सूचना र कम्पनीको आर्थिक वर्ष २०७२/०७३ को ४२औं वार्षिक प्रतिवेदन २०७२/०७३ शेयरधनी महानुभावहरुको जानकारी लागि सम्बन्धित ठेगानामा सम्प्रेषित समेत गरिएको थियो ।

४ **छलफलको विषय**

(क) **सामान्य प्रस्ताव**

१. संचालक समितिको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) का वार्षिक आर्थिक विवरणहरु (हिसाब किताब) २०७३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको ११.०५२६३१५८ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) का लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक स्वीकृत गरी पारित गर्ने ।

(ख) **विषेश प्रस्ताव**

५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १० प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

(ग) **विविध**

६. विविध: अध्यक्षको अनुमति अनुसार ।

५ **उपस्थिति**

१. **संचालकहरुको उपस्थिति:**

कम्पनीको ४२औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट, तथा संचालकहरु श्री बिजय बहादुर श्रेष्ठ, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ, श्री गणेश बहादुर चन्द, श्री निरन्जन कुमार टिवरेवाला, श्री शशी राज पाण्डे, र श्रीमती जया राज्य लक्ष्मी शाहज्यूहरुको उपस्थिति थियो ।

२. **कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

कम्पनीको ४२औं वार्षिक साधारण सभामा सोल्टी क्राउन प्लाजा, काठमाण्डौंका महाप्रबन्धक, श्री उपल मजुमदार, मुख्य लेखापाल, श्रीमती दुर्गा श्रेष्ठ, कम्पनी सचिव, श्री लिल बहादुर खत्री, निर्देशक वित्त तथा व्यापार सहयोग, सोल्टी क्राउन प्लाजा, श्री सुर्दशन चापागाई, लेखापरीक्षक, साझेदार, जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउण्टेण्टस्, काठमाण्डौंका, सि ए श्री प्रविन कुमार झा, र कानूनी सल्लाहकार द्वय श्री कोमल प्रकाश घिमिरे, वरिष्ठ अधिवक्ता तथा श्री समीर शर्मा, अधिवक्ताहरुको समेत उपस्थिति थियो

३. **शेयरधनीहरुको उपस्थिति**

१. कुल शेयरधनीहरुको उपस्थिति संख्या १,००४

६ **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| विवरण | कुल | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ४,५९३ | १,००४ | २१.८८ % |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ५२,६५२,६०६ | ३९,९३५,२०८ | ७५.८५ % |

७ **सभाको वैधानिकता**

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४२औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४२औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको उपस्थिती पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या जम्मा १,००४ रहेको र कुल शेयर संख्याको ७५.८५ प्रतिशतको प्रतिनिधित्व भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

८ **सभाको सभापतित्व र सभा संचालन**

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र यस कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम, ४२औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले गर्नु हुने जानकारी गराउदै बिहान १०.३० बजे कम्पनीको ४२औं वार्षिक साधारण सभाको काम कारबाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नु भयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु हुंदै ४२औं वार्षिक साधारण सभाको काम कार्यबाही अगाडि बढाउनु भयो ।

९ **अध्यक्षज्यूको मन्तब्य**

कम्पनीको ४२औं वार्षिक साधारण सभालाई आफ्नो मन्तब्य प्रकट गर्नुहुंदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनुभएका संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, कम्पनीका पदाधिकारीहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरुलाई हार्दिक स्वागत गर्नु हुदै अध्यक्षको मन्तव्य प्रकट गर्नुभयो । **(यस सम्बन्धी बिस्तृत बिवरण संलग्न अनुसूची १)**

१० **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति**

(क) **सामान्य प्रस्ताव**

कम्पनीको ४२औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले आफ्नो मन्तब्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि विषयसूची नम्बर (क) (१) र (क) (२) अनुसार क्रमशः आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को संचालक समितिको वार्षिक प्रतिवेदन, र लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव), २०७३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने प्रस्ताबहरु प्रस्तुत गर्नुभयो ।

११ **छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

कम्पनीको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०७३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचिहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा शेयरधनी श्री जयन्द्र मान सिंह बानिया, श्री कुबेर श्रेष्ठ, श्री केन्द्र महत, श्री रोजकुमार श्रेष्ठ, श्री राम गोपाल मर्हजन, श्री गणेश प्रशाद पाठक, श्री नारायण सुन्दर श्रेष्ठ र श्री दशरथ रिसाल गरी जम्मा ८ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुंदै आ–आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो । **(बिस्तृत बिवरण संलग्न अनुसूची २)**

१२ **सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर**

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञासा एवं सराहना प्रति आभार व्यक्त गर्दै, बक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नु भएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनु भएको थियो । **(यस सम्बन्धी बिस्तृत बिवरण संलग्न अनुसूची ३)**

१३ **सभाको निर्णय**

(क) **समान्य प्रस्ताव**

१ निर्धारित छलफलको विषय सूचि नम्बर (क) (१) अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट संचालक समितिको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को प्रतिवेदन पारित गऱ्यो ।

२ निर्धारित छलफलको विषय सूची नम्बर (क) (२) अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव), २०७३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन लगायतका बित्तीय विवरणहरु उपर छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

३ निर्धारित छलफलको विषय सूची नम्बर (क) (३) बमोजिम कम्पनीको संचालक समितिले आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि कम्पनीका शेयरधनी महानुभावहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको ११.०५२६३१५८ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्न गरेको प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

४ निर्धारित छलफलको विषय सूची नम्बर (क) (४) अनुरुप आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिश बमोजिम श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् काठमाण्डौं लाई आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) का लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. ३९९,३००/- (अक्षेरुपी तिन लाख उनान्सय हजार तीन सय मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) दिने गरी कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक पुर्ननियुक्त गर्ने प्रस्तावलाई ४२औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो । सो प्रस्तावको सिफारिश लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको थियो । **(लेखापरीक्षण समितिका अध्यक्षको प्रस्तूती अनुसूची ४)**

(ख) **विशेष प्रस्ताव**

५ सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषयसूची नम्बर (ख) (५) बमोजिम संचालक समितिले लिन मञ्जुर तथा चुक्ता पूँजीको १० प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई १० प्रतिशत बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो तथा सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजीलाई बृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

उपरोक्त अनुसार बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखी अपनाउदै आएको निति अनुसार ०.५० देखि ०.९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीबाट बांकी शेयर बराबरको अंकित मुल्य लिई १ कित्ता शेयर दिने र ०.१ देखि ०.४ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित मुल्य बराबरको बांकी रकम नगद फिर्ता दिइनेछ ।

(ग) **विविध**

६. **विविधः अध्यक्षको अनुमति अनुसार ।**

निर्धारित छलफलको विषय सूची (ग) (६) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१४ धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनु भई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरी दिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ४२औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

**१५ सभा विसर्जन**

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले दिउसो १.०० बजे कम्पनीको ४२औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नु भयो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

सोल्टी होटल लिमिटेड काठमाण्डौं

**अनुसूची १**

**(४२औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ९ संग सम्बन्धित)**

## अध्यक्षज्यूको मन्तब्य

**आदरणीय शेयरधनी महानुभावहरु,**

**संचालक समितिका सदस्य महानुभावहरु,**

**व्यावस्थापन समुहका पदाधिकारीहरु,**

**कानूनी सल्लाहकार, लेखापरीक्षक तथा उपस्थित महिला एवं सज्जनवृन्द,**

कम्पनीको ४२औं वार्षिक साधारण सभामा पाल्नु भएका समस्त शेयरधनी महानुभावहरु र उपस्थित सम्पूर्ण महिला एवं सज्जनवृन्दमा म, संचालक समितिका सदस्यज्यूहरु तथा सम्पूर्ण सोल्टी होटेल परिवारको तर्फबाट यस स्वर्णीम बिहानीमा यहांहरु सबैमा हृदय देखीनै कृतज्ञता तथा आभार व्यक्त गर्दै हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु ।

सर्वप्रथम, संचालक समितिका सदस्य श्री डा. प्रभा बस्नेतज्यू को गत २०७३ साल अषाढ १ गते असामयीक एवं दुखद निधन भएकोमा पुन एक पटक वहां प्रति म, संचालक समिति, समस्त कर्मचारीहरु तथा सम्पूर्ण शेयरधनीहरुको तर्फबाट भावपूर्ण श्रद्धांजली अर्पण गर्दै हार्दिक समवेदना प्रकट गर्दछु ।

**संस्थागत शेयरधनी, श्री सोल्टी इन्टरप्राइजेज प्राइभेट लिमिटेडको तर्फबाट श्रीमती जया राज्य लक्ष्मी शाहज्यू लाई कम्पनीको सञ्चालक मनोनित गरी पठाए बमोजिम संचालक नियुक्त हुनु भएको छ। त्यसैगरी, संस्थागत शेयरधनी श्री नेपाल वायु सेवा निगमको तर्फबाट पनि निगमका उप प्रबन्ध संचालक, श्री गणेश बहादुर चन्दज्यूलाई कम्पनीको सञ्चालक मनोनित गरी पठाए बमोजिम संचालक नियुक्त हुनु भएको जानकारी गराउदछु।**

सोल्टी होटेल नेपालमा अर्न्तराष्ट्रियस्तरको पर्यटन विकास र प्रवर्द्धनको शुभारम्भ हुदै गरेको शैशव अवस्था, बिक्रम सम्बत २०२२ सालमा दुरगामी परिकल्पना तथा लक्ष्य सहित पर्यटनको पूर्वाधारको प्रथम आवश्यकता, अतिथी पाहुनाहरुको बिश्रामका लागि होटेलको आवश्यकता परिपूर्ति गर्ने व्यावसायीक उद्देश्य सहित पर्यटन उद्योगलाई महत्वपूर्ण टेवा दिदै मुलुकको राजधानी काठमाण्डौंमा बिशिष्ठ पाहुनाहरुको सेवा, सत्कारका सुबिधाहरु र सम्पूर्ण सुरक्षा समेतको समुचित आधारभूत संरचनाको निर्माण गरी समुज्वल भविश्यको अवधारणा सहित स्थापना गरिएको हो ।

तत्कालिन अवस्थामा, मुलुकको पर्यटनलाई टेवा पुऱ्याउदै देशलाई समेत संस्थागत संस्कारको नमूना पेश गर्ने असल उद्देश्य सहित उज्वल र समुन्नत पर्यटनको भविश्यको परिकल्पना गर्दै, सोका लागि अतिथिहरुको बसाईका आधारभूत आवश्यकता र सुबिधाहरु पर्यटकहरुको खाने, बस्ने र घुम्ने सम्पूर्ण व्यावस्थाका लागि भौतिक संरचनाहरुको तत्कालीन र भविश्यको आवश्यकतालाई समेत विश्लेषण गरी, नेपालको अर्थतन्त्रमा पर्यटनको महत्वपूर्ण भुमिका रहनु पर्ने तथ्यलाई समेत हृदयंगम गर्दै निजि क्षेत्रको सहभागितालाई अभिप्रेरित गर्ने लक्ष्य समेत लिई देशको पर्यटनको समृद्धिमा योगदान गर्ने आकांक्षा राखी निजी क्षेत्रको लगानीमा कर्पोरेट ढांचा र स्वरुपको संस्थागत भुमिका संस्थापित गर्ने मनसायले एक सय चार कोठाको पांचतारे सोल्टी होटेल व्यावस्थापन तथा संचालन गर्न बिक्रम सम्बत् २०२३ साल मंसीर १० गते (२५ नोभेम्बर १९६६) का दिन होटेलको समुद्घाटन भएको थियो ।

यसै क्रममा **यस वर्ष हामीले सोही दिन सोल्टी होटेल संचालनमा आएको ५०औं स्वर्णजयन्ती वार्षिकोत्सव अत्यन्त हर्षोल्लासमय वातावरणमा उत्सवकारुपमा मनायौं । कम्पनी ५०औं वर्ष पुगेको यस ऐतिहासिक सुखद तथा गौरबमय वर्षको सुअवसरमा आदरणीय शेयरधनी महानुभावहरुमा म सञ्चालक समितिका सदस्यहरु, तथा हाम्रा होटेलका सम्पूर्ण कर्मचारीहरुको तर्फबाट हृदय देखीनै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।**

कम्पनीको समीक्षा आर्थिक वर्ष २०७२/७३ को लेखापरीक्षण गरिएका वार्षिक हिसाव किताबका आर्थिक विवरणहरु, संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, २०७३ साल आषाढ मसान्तको वासलात, सोही मितिमा अन्त्य भएको आर्थिक वर्षको आय विवरण, शेयर पूंजीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखानीति तथा अन्य व्याख्यात्मक टिप्पणीहरु सहितको **४२औं वार्षिक प्रतिवेदन** यहांहरु समक्ष पुऱ्याई सकेका छौं । सो वार्षिक प्रतिवेदनहरुबाट शेयरधनी महानुभावहरुलाई कम्पनीको समिक्षा आर्थिक वर्षको अन्तिम नतिजा तथा कार्यप्रगतीको सम्बन्धमा बिस्तृत जानकारी भई सकेको छ भन्ने विश्वाश मैले लिएको छु ।

संक्षेपमा विश्लेषण गर्नुपर्दा, समीक्षा आर्थिक वर्ष २०७२/७३ को व्यावसायिक कारोबारबाट प्राप्त मुनाफालाई यस अर्थमा पनि सन्तोषजनक मान्नु पर्दछ कि सो समिक्षा वर्ष सामान्य वर्ष थिएन । बिक्रम सम्बत् २०७२ बैशाख १२ गते नेपालमा गएको विनासकारी महाभूकम्प र त्यसपछि लगातार आएका पराकम्पनहरूरुले पर्यटन क्षेत्रमा प्रतिकुल र नकारात्मक असर पारेको, माग र आपूर्ति दुवै गम्भिर रुपमा प्रभावित भई लगभग पर्यटन बजार नै सुषुप्त भएको अवस्था थियो । उक्त प्राकृतिक दैवि प्रकोपबाट उल्लेख्य संख्यामा सांस्कृतीक तथा पौराणिकमहत्वका धरोहरहरु, पर्यटकीय आर्कषण र पूर्वाधारहरू भत्किएका थिए र सोको पुर्ननिर्माण हाल सम्म पनि सम्पन्न भई नसकेको अवस्था छ। परिणामस्वरुप, पर्यटन उद्योगले अन्तर्राष्ट्रिय पर्यटक आगमनको संख्यामा उल्लेखनीय कमीको सामना गऱ्यो । भरखरै विनाशकारी महाभूकम्पको दैवि प्रकोपबाट तग्रिन थालेको पर्यटन उद्योगलाई दोश्रो आघात गत वर्षको तराई मधेश आन्दोलन र त्यसबाट प्रत्युत्पादीत २०७२ साल असोज ३ गते देखिको नेपाल भारत सिमा नाकामा अघोषित नाकाबन्दीका कारण नेपाल यात्रा असुरक्षित तथा असुविधाजनक हुने सोचका कारण पर्यटक नेपाल आउन अनिच्छुक देखिएकोले नेपालमा पर्यटक आगमनमा तीव्र ह्रास आयो जसको प्रत्यक्ष प्रभावस्वरुप नेपालमा पर्यटकको आगमनमा अघिल्लो वर्षको तुलनामा झण्डै ३२ प्रतिशतले ह्रास आएको तथ्यांक छ। पर्यन उद्योगमा त्यसको दीर्घकालिन असर समेत पर्ने देखिन्छ ।

**यिनै विविध प्रतिकुल परिस्थितीहरुका कारण समीक्षा आर्थिक बर्ष २०७२/०७३ मा गत आर्थिक वर्षको तुलनामा कम्पनीको कुल कारोबारमा लगभग १४ प्रतिशतको ह्रास आउन गई लगभग रु. १ अर्ब २४ करोड ४१ लाखमा सिमित हुन पुगेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा लगभग २० करोडले घटेको हो । स्वाभाविक रुपमा, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा आर्थिक वर्षको नाफा घट्न गई समीक्षा आर्थिक वर्षमा कम्पनीको कर पश्चातको खुद मुनाफा ९ करोड ९८ लाख ८४ हजार रहेको छ । त्यसैगरी, कोठा अक्यूपेन्सी अघिल्लो आर्थिक वर्षको ६५ प्रतिशतको तुलनामा समीक्षा आर्थिक वर्षमा ४६ प्रतिशतमा सिमित रह्यो । होटेलको औषत कोठा दरमा पनि ४.२७ प्रतिशतको ह्रास सहित गत आर्थिक वर्ष २०७१/७२ को रु. ७,९७७ को दांजोमा समीक्षा आर्थिक वर्षमा रु. ७,६३६ रह्यो । होटेलको प्रति उपलब्ध कोठा आम्दानी गत आर्थिक वर्षको रु. ५,२०१ को तुलनामा समीक्षा आर्थिक वर्षमा रु. ३,५१२ रहेको छ । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको कोठारात्री ६५,७८१ बसाई रहेकोमा समीक्षा आर्थिक वर्ष २०७२/७३ मा ४७,३४१ कोठा रात्री बसाईमा सिमित रह्यो ।**

संयुक्त राष्ट्रसंघ विश्व पर्यटन संगठनको नविनतम नोभेम्बर २०१६ मा प्रकाशित गरिएको वर्ल्ड टूरिज्म बैरोमीटर अनुसार सन् २०१६ को जनवरी देखी सेप्टेम्बर महिना सम्मको अवधिमा अन्तर्राष्ट्रिय पर्यटक आवागमन संख्यामा विश्वव्यापी रुपमा ४ प्रतिशतले वृद्धि भएको जानकारी गराएको छ । जस अनुसार कुल ९५ करोड ६० लाख अन्तर्राष्ट्रिय यात्रु तथा पर्यटकहरु विश्वभरिका विभिन्न गन्तव्यहरुमा पुगेका छन्, सो संख्या सन् २०१५ वर्षको सोही अवधिको संख्या भन्दा लगभग ३ करोड ४० लाखले बढी हो ।

विश्व पर्यटक आवागमनको विश्लेषण गर्दा एशिया तथा प्रशान्त क्षेत्र विश्वका अन्य क्षेत्रहरु मध्ये सबै भन्दा अग्र स्थानमा रहेको छ, जहां अर्न्तराष्ट्रिय पर्यटकहरुको आवागमन ९.३ प्रतिशतले बृद्धि भएको तथ्यांक छ । एशिया तथा प्रशान्त क्षेत्रका सबै उप क्षेत्रहरुमा अन्तर्राष्ट्रिय पर्यटकहरुको आगमनमा उल्लेख्य बृद्धि भएको र यस क्षेत्रका कतिपय देशहरु, जस्तै कोरिया, जापान, भियतनाम र श्रीलंकामा दोहोरो

अंकको अभिबृद्धि भएको तथ्यांक छ। त्यसैगरी, पर्यटक आगमनमा आशियानिक मुलुकहरुले १० प्रतिशत र दक्षिण पूर्वी एशिया क्षेत्रले ९.४ प्रतिशत बृद्धि गरे भने दक्षिण एशियाले ८.१ प्रतिशत र उत्तर पूर्वी एशियाले ९.३ प्रतिशतले बृद्धि हासिल गरेका छन्।

विश्वका प्रमुख पर्यटन भ्रमणमा निश्कने पर्यटक यात्रु श्रोत बजारहरु मध्ये चीनबाट पर्यटन यात्राका लागि बाहिरिने पर्यटकहरुको संख्यामा लगातार बढी रहेको छ। चिनियां भ्रमणार्थिहरुबाट विश्वका कैयन मुलुकहरु लाभान्वित भएका छन, मूलतः जापान, थाइल्याण्ड, दक्षिण कोरिया, माल्दिप, रुस, र संयुक्तराज्य बेलायतको पर्यटनको मुख्य श्रोत बजार चीन रहेको छ। यसबाट प्रष्ट हुन्छ कि नेपालले पनि चीनको पर्यटन बजारलाई आकर्षित गर्न सकेमा त्यसबाट उल्लेख्यरुपमा लाभन्वित हुन सकिन्छ।

**नेपाल आउने पर्यटकहरूमा ठूलो हिस्सा भारतीय र चिनियाँ पर्यटकहरूको रहेकोछ। सन् २०१५ मा नेपाल भ्रमणमा आएका कूल पर्यटकहरू मध्ये लगभग १४ प्रतिशत भारतीय र १२ प्रतिशत चिनियाँहरू पर्यटक थिए।**

संयुक्त राष्ट्रसंघ विश्व पर्यटन संगठनको पूर्वानुमान अनुसार सन् २०१६ मा अन्तर्राष्ट्रिय पर्यटक आवागमनमा ३.९ प्रतिशतका दरले औषत वृद्धि हुने प्रक्षेपण गरिएको छ। सन् २०१६ वर्षको अन्त्यमा विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय पर्यटन आवागमन ३.५ देखी ४.५ प्रतिशत सम्मको वृद्धि हुने अपेक्षा गरिएको छ।

नेपालको कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान भने ४.३ प्रतिशतमात्र रहेको छ। अतः राष्ट्रिय अर्थतन्त्रको विकासमा पर्यटनको भूमिका अपरिहार्य रहेको छ। नेपालको पर्यटनलाई दक्षिण एशीया क्षेत्रकै एउटा प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकसित र स्थापित गर्न सकिने प्रशस्त संभावना रहेका छन्। पर्यटनलाई देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने माध्यमको रूपमा विकास गर्नु पर्ने आवश्यकता टट्कारो रहेको छ। अन्तर्राष्ट्रिय पर्यटकहरूलाई उनीहरूका चाहना र इच्छाअनुसार विविध अनुभवहरू प्रदान गर्नका लागि नेपालका चर्चित पर्यटकीय गन्तब्य स्थलहरूका अतिरिक्त अन्य सम्भाब्य पर्यटकीय गन्तव्यहरुको पहिचान तथा विकास गरी पर्यटकहरुको अनुभवमा विविधीकरण ल्याउन सकेमा नेपालको पर्यटनको आयामनै परिवर्तन हुने प्रचुर संभावना रहेको छ।

**वर्ल्ड ट्राभल एन्ड टुरिजम काउन्सिलले सन् २०१६ मा गरेको अनुमान अनुसार पर्यटन क्षेत्रले सन् २०१५ मा नेपालमा जम्मा ४ लाख २६ हजार ५०० प्रत्यक्ष रोजगारी (कुल रोजगारको ३.२%) सृजना गऱ्यो भने नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा प्रत्यक्ष रुपमा ४.०% ले योगदान पुऱ्याएको तथ्यांक छ।**

नेपाल विश्वका लागि एउटा अनुपम एवं अद्धितीय प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदाहरूले शुसज्जित तथा रमणीय पर्यटकीय आकर्षक सम्पदाहरू रहेको देशको रुपमा विश्व प्रशिद्ध छ। नेपालका पर्वतीय तथा तराईका संरक्षित जंगल क्षेत्रहरू, संसारको सबैभन्दा उच्च मुख्य हिमालयका ८ वटा हिमश्रृङ्खलाहरुले पर्यटकहरुलाई सधैं आकर्षित गरी रहेका हुन्छन। पर्वतारोहण, पदयात्रा, चट्टान-आरोहण, प्राकृतिक तथा रमणीय दृश्यावलोकन र प्याराग्लाइडिङ लगायतका गतिविधिहरू, साहसिक पर्यटनका गतिविधिहरूका प्रमुख स्रोत नेपालमा रहेका छन्। पर्यटकलाई आकर्षण गर्ने सांस्कृतिक र धार्मिक सम्पदाहरूको वेग्लै महत्व रहेको छ र यी सबै नेपालको पर्यटनका प्रमुख आकर्षक सम्पदाहरू हुन्।

नेपालका अतुलनीय र प्रचुर पर्यटनका स्रोतहरूलाई व्यवस्थापन गरी तिनीहरूबाट उत्कृष्ट प्रतिफल लिनका लागि पूर्वाधार सम्पदाहरुको विकास, पर्यटक गन्तव्यहरुको सुधार एवं सेवा तथा उत्पादनको विविधीकरणमा जोड दिनु पर्ने आवश्यकता रहेको छ। मौसममा आधारित उद्योग, सस्तो पदयात्रा एवं धार्मिक पर्यटनका बजारहरूका साथ साथै उच्च गुणस्तरका सेवा र सुविधाहरूको पर्याप्तता भएमा पर्यटनको तीव्रतर विकास निश्चितप्राय देखिन्छ। वर्षभरि पर्यटक आगमनमा निरन्तर उच्च वृद्धि हासिल गर्नका लगि नेपालको पर्यटनका विविध मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र प्रवर्द्धन गर्ने, प्राकृतिक सौन्दर्य दृश्यावलोकन स्थलको विकास, पर्यटन मानव संसाधनको क्षमता, गुणस्तर, सङ्ख्या र कार्यसम्पादनमा सुधार गर्ने, प्रदुषण रहित पर्यटनको विकास गरि पर्यटनको वातावरणीय प्रभाव न्यूनीकरण गर्ने योजना तर्जुमा तथा कार्यान्वयन गरेर पर्यावरण अनुकुल पर्यटन र यस सम्बन्धी असल अभ्यासहरूलाई प्रवर्द्धन गर्ने कार्य गर्न नितान्त आवश्यक छ।

**सन् २०११ र २०१२ लाई अहिलेसम्मकै सबैभन्दा बढी पर्यटक भित्रिएका वर्ष भनी मान्न सकिन्छ। सन् २०१५ मा भूकम्प र नेपाल भारत सीमा क्षेत्रमा उत्पन्न तनावका कारण पर्यटक आगमनमा धेरै गिरावट आएको ले सो अवधिमा जम्मा ५ लाख ३८ हजार ९ सय ७० पर्यटकहरु नेपाल आएको संस्कृति, पर्यटन तथा नागरिक उडडयन मंत्रालयको तथ्याङ्कले देखाएको छ। सन् २०१५ मा पर्यटन आगमनमा अघिल्लो वर्षको तुलनामा ३२ प्रतिशतले ह्रास आएको छ।**

नेपाल विश्वकै उत्कृष्ट गन्तव्यका रुपमा चिनिएको देश भएतापनि त्यसको फाईदा मुलुकले लिन सकेको छैन। पर्यटन उद्योग अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्र भएकोले नेपालको पर्यटकीय उत्कृष्ट गन्तव्यस्थलको छविलाई सुदृढ बनाउदै भूकम्पको प्रकोप भन्दा पहिलेको अवस्थामा पुऱ्याउदै नयाँ खाले पर्यटक समेतलाई भित्राउने अवसर तथा सेवा विस्तार गर्नु पर्ने हुन्छ। त्यसका लागि नेपाली पर्यटनका उत्पादन र सेवाहरूको गुणस्तर उच्च तहमा पुऱ्याउनुका साथै पर्यटन उद्योगका विभिन्न क्षेत्रहरूको सेवास्तर, अन्तर्राष्ट्रिय स्तरमा फैलिने राम्रो छवि, सुदृढ पूर्वाधार विकासका लागि यथेष्ट लगानी, ब्राण्डिङ सहितको प्रबर्द्धन तथा बजारीकरण, स्वास्थ्य र सरसफाई, सुरक्षा प्रबन्ध र शान्ति सुरक्षा सहित कुनै पनि ठाउँमा स्वतन्त्रतापूर्वक निर्धक्क घुमफिर गर्न पाउने वातावरणको प्रत्याभूति, पर्यटन गन्तव्यसम्म पुग्ने सहज र सस्तो हवाई तथा सडक संजाल सहित यातायातका साधनहरुको समुचित व्यवस्था, पर्यटकले छनोट गरेको र तिरेको पैसा अनुसारको सेवा, आवास तथा यातायातको गुणस्तर, आतिथ्यसत्कारको स्तरीयता, पर्यटकीय स्थलमा उपलब्ध सेवाको स्तर र पर्यटकसँग हुने कुराकानी, पर्यटकीय क्षेत्रमा प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू र वातावरणको संरक्षण, विकास एवं सुव्यवस्थापन हुनु नितान्त जरूरी छ। तब मात्र पर्यटकको आगमन र बसाइ अवधिमा वृद्धि हुन गई देशको कूल राजस्व र प्रति पर्यटक आम्दानीमा समेत वृद्धि सम्भव छ।

**नेपालमा पर्यटनको अपार सम्भावना हुँदाहुँदै पनि दक्षिण एसियामा आगमन हुने पर्यटकहरूको कूल सङ्ख्या र पर्यटनबाट हुने लाभको हिस्सा नेपालले एकदमै कम पाउने गरेको छ। केही प्रमुख पूर्वाधार र संयन्त्रगत सुधार ल्याउन सकेको खण्डमा नेपालको पर्यटन क्षेत्रमा ठूलै परिवर्तन ल्याउन सकिने प्रशस्त र प्रचुर सम्भावना रहेका छन्।**

सन् २०१५ को तथ्याङ्क अनुसार, एउटा विदेशी पर्यटकले एउटा भ्रमणमा नेपालमा ९३२ अमेरिकी डलर खर्च गर्छ, जुन रकम विश्व पर्यटनको सरदर खर्च भन्दा कम, भुटान र थाइल्याण्डमा विदेशी पर्यटकले गर्ने खर्चको आधाभन्दा अलि बढी र भारतमा हुने त्यस्तै खर्चको झण्डै आधा मात्र रकम हो। एक जना पर्यटकले नेपालमा सरदर १३.१६ रात बिताउँछ र यस अनुसार एक जना पर्यटकले नेपालमा औसतमा प्रतिदिन ६८.५७ अमेरिकी डलर खर्च गर्छ। नेपालको पर्यटन संस्कृति र प्रकृतिमा आधारित भएकोले कम खर्चमा यात्रा गर्न रूचाउने, सीमित बजेट भएका र युवा पर्यटकहरूलाई मात्र बढी आकर्षित गर्ने गरेको पाइन्छ। उच्च स्तरीय सेवा र सुविधाहरूको लगानी र उपलब्धतामा भएका कमीका कारणे बढी खर्च गर्न चाहने र सक्ने धनाढ्य पर्यटकहरूको आगमन सङ्ख्यामा कमी देखिएको छ ।

होटेलले आफ्ना देवतुल्य पर्यटक अतिथि पाहुनाहरुलाई प्रदान गरि रहेको उच्च गुणस्तरका उत्पादन तथा सेवाहरुको अतिथि पाहुनाहरुबाट सर्वथा सराहना र प्रशंसा भएबाट हामीलाई अतिरिक्त उर्जा प्रवाह भई प्रेरणा मिलि रहेको छ। त्यसैले, आतिथिसत्कार उद्योगमा हाम्रो सदैव अग्रणीय स्थान रहेको यहांहरु समक्ष जानकारी गराउन पाउंदा हामीलाई अत्यन्त गौरब अनुभव भएको छ। हामी यो विशिष्ठतालाई सदैव उच्च मानोवलका साथ कायम राख्न प्रतिबद्ध छौं। हामीले यसलाई अतुल्य र अविश्मरणीय सेवा प्रदान गर्ने प्रण सहित आगामी दिनहरुमा यस क्षेत्रमा आउने तिब्र व्यावसायीक प्रतिस्पर्धाको लागि तयार रहने छौं। आगामी दिनहरुमा आउन सक्ने बढ्दो प्रतिस्पर्धी अर्थतन्त्रको व्यावसायीक पक्षलाई समेत हामीले चुनौतिका रुपमा आत्मसात् गरेका छौं।

पर्यटनका सेवा-सुविधाहरूको विकास, बिस्तार र विविधीकरणबाट पर्यटकहरूलाई आकर्षित गर्दै उनीहरूको नेपाल बसाइ लम्ब्याउनका लागि सहरी बस्तीका रिसोर्टहरू, बिदा मनाउने रिसोर्टहरू, दृश्यावलोकन स्थल, भ्रमणकर्ताहरूको सुलभ यातायातको लागि कार, बस, बायु सेवाहरुको उपलब्धता, होलिडे भिल्लाहरू तथा अपार्टमेन्टहरू, मनमोहक आकर्षक स्थलहरू वा धार्मिक पौराणिक दर्शनीय स्थलहरू, फोहोर तथा ढल व्यवस्थापन, आदिको समुचित व्यवस्थापन हुन सकेमा नेपालमा पर्यटक आगमनमा उल्लेख्य अभिबृद्धि हुने स्पष्ट छ।

वायुसेवाको पहुँच वा हवाई सुगमता, विमानस्थलहरूको सुधार तथा अन्तर्राष्ट्रिय स्तरको हवाइसुरक्षा, पर्यटन उद्योगको निरन्तरताका लागि पर्याप्त बिजुली तथा इन्धनको आपूर्ति, सिपालु वा दक्ष जनशक्तिको परिपूर्ति, ग्राहकहरूसँगको सम्बन्ध व्यवस्थापन प्रणालीको विकास,

व्यावसायिक साझेदारहरू र ग्राहकहरूसँगको दीर्घकालीन सम्पर्क, अत्यन्त आवश्यक छ, जसले गर्दा धेरैभन्दा धेरै अतिथि ग्राहकहरूमा फेरी फेरि पनि नेपाल आइरहने चाहना होस् । समग्रमा, सबै सरोकारपक्षहरुको ध्येय सुदृढ पर्यटन बजारीकरण रणनिति अपनाउदै नेपालका पर्यटकीय गन्तव्यहरू प्रतिको आकर्षणलाई दीर्घकालीन बनाउदै पहिलो पटक नेपाल घुम्न आउने पर्यटकहरु पुन: दोहोऱ्याई तेहऱ्याई नेपाल भ्रमणमा आइरहुन भन्ने तर्फ उद्दत रहनु पर्दछ ।

आगामी वर्ष देखी काठमाण्डौं लगायत देशमा प्रचुर मात्रामा नयां र पुराना तारे होटेलहरु विविध ब्राण्डमा विद्यमान हुने निश्चित भई सकेको अवस्था छ । बसाई कोठाहरुको बृद्धि साथै पर्‍याप्तमात्रामा पर्यटक पाहुनाहरुलाई नेपाल भित्र्याउन ठुलो कसरत र मेहनत गर्नुपर्ने समय आउने छ । होटेलमा पर्यटक आकर्षित गर्न र पाहुनाहरुलाई टिकाई राख्न होटेलका सेवा तथा सुविधाहरुलाई समयानुकुल आधुनिकीकरण तथा पुर्ननिर्माण गर्नु पर्ने हुन्छ । साथसाथै, स्वास्थ्य प्रतिस्पर्धात्मक रणनितिक योजना तर्जूमा गर्नु पर्ने पनि त्यतिकै खांचो रहेको छ ।

महाभूकम्पका कारण विनाश भएका विश्व सम्पदास्थलहरुको पुनर्निर्माण, पोखरामा नेपालको दोस्रो क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने कार्य, भैरहवा स्थित गौतम बुद्ध विमानस्थलको विस्तार तथा सुदृढीकरण र लुम्बिनी क्षेत्रमा पर्यटन पूर्वाधार विकास, यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार योजना र लुम्बिनी गूरु योजनालाई राष्ट्रिय गौरवको योजनाकोरुपमा घोषणा जस्ता पूर्वाधारको स्तरोन्नति सम्बन्धी सकारात्मक कार्यहरु भई रहेकोले पर्यटन क्षेत्रको क्रमिक विकास हुदै जाने अपेक्षा गर्न सकिन्छ ।

**यसैगरी, चालु आर्थिक वर्षको गत कार्तिक महिनाको तिहार देखी नेपाल सरकार, ऊर्जा मंत्रालय तथा विद्युत प्राधिकरणको संयुक्त प्रयासबाट देशका प्रमुख स्थानलाई अन्धकारमुक्त बनाउने योजना अनुरुप काठमाडौ लगायत सबै शहरहरुलाई लोडसेडिङमुक्त बनाउने र केही वर्ष भित्र सम्पूर्ण मुलुकलाई लोडसेडिङमुक्त बनाउदै देशलाई उज्यालो पार्ने ऊर्जा मन्त्रालयको कार्ययोजना सराहनीय रहेको छ । हाल काठमाडौं उपत्यका, बनेपा, धुलिखेल, पोखरा र पूवी नेपालका केही स्थान लगायतका स्थानहरु लोडसेडिङमुक्त भएकोले वर्षौं देखिको उर्जा संकटबाट आक्रान्त बन्दै आएको औद्योगिक क्षेत्रलाई लोडसेडिङ मुक्त गराई विद्युत आपूर्ति नियमित गर्दै मुलुकलाई लोडसेडिङमुक्त गराउने सफल प्रयास भएकोछ । उद्योग व्यवसायी तथा सर्वसाधरण सबैलाई लोडसेडिङ मुक्त गराएर उर्जाको क्षेत्रमा अत्यन्तै सराहनीय र साहसिक काम गरेकोमा ऊर्जा मंत्रालय तथा विद्युत प्राधिकरणको मुक्त कण्ठले सर्वत्र सराहना तथा प्रशंसा भएकोछ । जसबाट औद्योगीक क्षेत्रबाट हुने पेट्रोलियम पदार्थको खपत घटेको मात्र नभई समग्रमा देशको अर्थतन्त्रमा समेत सकारात्कम प्रभाव पर्नेछ । यसबाट पर्यटन उद्योगले ठुलो राहत अनुभुति गरेको प्रष्टै हुन्छ । ऊर्जा मंत्रालय तथा विद्युत प्राधिकरणको यो सराहनीय कार्यबाट हामी पनि उत्साहित भएका छौं तथा हाम्रो कार्यकुशलतामा उर्जा संचार गराउनु हुने दुवै निकाय प्रति हामी पनि अत्यन्त आभारी छौं ।**

**चालु आर्थिक वर्ष २०७३/७४ मा कम्पनीको कार्यसम्पादनको सम्बन्धमा, चालु आर्थिक वर्ष २०७३/७४ को साढे चार महिना १६ जुलाई देखी ३० नोभेम्बर २०१६ सम्मको वित्तिय अवस्थालाई विश्लेषण गर्दा कम्पनीको कुल कारोबार गत वर्षको सोहि अवधीको तुलनामा ४१ प्रतिशतले बृद्धि भएको छ । कम्पनीको गत आर्थिक वर्षको १६ जुलाई देखी ३० नोभेम्बर २०१६ सम्मको अवधीको कुल कारोबार लगभग ४० करोडको भएको दांजोमा चालु आर्थिक वर्ष २०७३/७४ को सोहि अवधीमा ५७ करोड कुल कारोबार भएको जानकारी गराउदछु ।**

**यसैगरी, चालु आर्थिक वर्षको साढे चार महिनाको अवधि अर्थात १६ जुलाई देखी ३० नोभेम्बर २०१६ सम्म होटेलको कोठा अक्यूपेन्सि लगभग ५५ प्रतिशतको हाराहारीमा रहेको, औषत कोठा दर ८ हजार २ सय ७५ रुपैयां तथा आम्दानी प्रति उपलब्ध कोठा ४ हजार ५ सय २५ रुपैयां भएको जानकारी अनुरोध छ ।**

कम्पनीले व्यवसायिक रणनितिक योजना, सुदृढ, शसक्त र प्रभावकारी बजार व्यावस्थापनबाट आफ्नो बजार खण्डको अभिबृद्धि गर्दै जाने, प्रभावशाली व्यावसायिक कार्यप्रणालीको माध्यमबाट पर्यटन क्षेत्रका बाह्य विषम परिस्थितिहरुको प्रभाव न्यूनीकरण गर्दै, सुदृढ र सक्षम व्यवस्थापनबाट होटेलका उत्पादन तथा सेवाहरुको स्तरोन्नति गर्ने तथा यस क्षेत्रमा सृजना हुने पर्याप्त अवसरहरुको समुचित सदुपयोग गर्दै कुशल प्रबन्धनको आफ्नो प्रयासलाई निरन्तर गतिशिल बनाउने क्रियाकलाप जारी राख्नेछ । कम्पनीले आफ्ना उत्पादन र सेवाहरुको



सोल्टी होटल लिमिटेड काठमाण्डौं

समसामयिक रुपमा यथोचित स्तरोन्नतिको माध्यमबाट बजारमा आफ्नो उपस्थितिलाई सुदृढ तथा मजबुत पार्ने रणनीतिलाई निरन्तरता दिइनै रहेको छ ।

सबै स्तरवृद्धि परियोजनाहरुको कार्यान्वयन आवश्यकता र प्राथमिकता अनुसार होटेल संचालनमा कुनै व्यवधान उत्पन्न नपुग्ने गरी सुसम्पन्न गर्दै जाने कम्पनीको पुर्ननिर्माण कार्ययोजना समेत कुशलतापूर्वक व्यवस्थापन भई रहेको छ ।

समीक्षा आर्थिक वर्षमा कम्पनीले होटेलको हिमालय विंगका पाहुना कोठाहरुको स्तरोन्नती गर्न बाँकी रहेको पुनर्निर्माणको कार्यलाई स्वर्ण जन्मोत्सवको बर्ष झल्किने गरी धरोहर सम्पदाको शैलीमा स्तरोन्नति सजावट गर्ने कार्य शुरु गर्ने योजना रहेको छ ।

नेपालमा पर्यटन विकास र आर्थिक समृद्धिको अपार सम्भावना छ । तर पर्यटन एक अत्यन्तै प्रतिस्पर्धी उद्योग भएकोले यसको सुधार नभई त्यस्तो सम्भावना भित्रयाउन सकिँदैन । यसको सफलताको मुख्य आधार भनेकै नेपालमा पर्यटक आगमन बढाउने नेपालका प्रमुख पर्यटकीय बजारहरूमा नेपालको पर्यटन 'ब्राण्ड' को बजारीकरण गर्ने हो । पर्यटकीय सम्पदा तथा पर्यटन क्षेत्रमा काम गर्ने जनशक्तिको समेत गुणस्तर र क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता रहेको छ ।

नेपालको पोखरा काठमाडौं पछि उत्कृष्ट पर्यटकीय गन्तव्य हो । नेपाल मै दोश्रो बढी पर्यटकहरू यहाँ भित्रिन्छन् । पोखरा आफ्नो सम्भाव्यता, वर्तमान माग, विविधीकरण, दिगोपन, र सामाजिक प्रभाव जस्ता विषय वा प्रावधानहरूका लागि अग्र स्थानमा रहेको छ । बिजुली, सडक सञ्जाल, सञ्चारका हरेक माध्यम उपलब्ध रहेको यहाँ निकट भविष्यमै क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बन्न लागेको तथा विभिन्न क्रियाकलापहरूका विकासका आधारमा पोखरामा भविष्यका लागि पर्यटकहरूको आगमनमा वृद्धि हुने बलियो सम्भावना छ । पोखरा पर्यटकीय दृठीले सांस्कृतिक, प्राकृतिक र सभा, तालिम, सेमिनार तथा सम्मेलन (माइस) पर्यटनका लागि उपयुक्त गन्तब्यको रुपमा विकसित हुदै गएको अवस्था छ ।

त्यस्तै हाल युद्धस्तरमा निर्माण भइरहेको गौतम बुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, सडक सञ्जालको बिस्तार, सञ्चारको आधुनिक सुविधा, बिजुली लगायतका अनेक सेवा तथा सुविधाहरूका कारण लुम्बिनी पनि उत्कृष्ट पर्यटकीय गन्तव्य मध्येको एक हुन सक्ने संभावना रहेको छ । साथै बुद्धिष्ट सर्किटको संभावना पनि बलियो छ । लुम्बिनी सांस्कृतिक तथा धार्मिक पर्यटकहरूका लागि तीर्थाटन, धर्मकर्म, ध्यान, प्रवचन जस्ता आध्यात्मिक क्रियाकलापहरू सञ्चालनका लागि समेत अगाडी आउन सक्दछ । विश्वभरि नै बौद्ध तीर्थाटनका लागि प्रचार-प्रसार गर्ने, क्षेत्रीयस्तरमा पनि व्यापक प्रचार-प्रसार गर्ने, पर्यटकीय क्रियाकलापहरू बिस्तार गर्ने जस्ता उपायबाट पर्यटक पाहुनाहरूको नेपाल बसाइँलाई लम्ब्याउन सकिने प्रबल सम्भावना रहेको छ ।

त्यसै गरी, नेपालको मध्य पश्चिम क्षेत्रको केद्र तथा त्यसक्षेत्रको लाइफलाईनको रुपमा रहेको नेपालगञ्जमा पनि करर्पोरेट तथा धार्मिक पर्यटकहरुको प्रचुर सम्भावना रहेको छ । आन्तरिक पर्यटन प्रर्बद्धन गर्न सकेमा नेपालगञ्ज मध्य पश्चिम तथा सुदुर पश्चिम नेपालको पर्यटन केन्द्रको रुपमा विकसित हुदै जाने प्रबल सम्भावना रहेको छ । नेपालगञ्ज र आसपासको क्षेत्रमा पर्यटकीय संभावना प्रसस्त छन । वर्दिया जंगल सफारीको लागि उत्कृष्ट गन्तब्य भएपनि पर्यटक आगमन संख्या न्यून रहेको छ ।

पोखरा, नेपालगञ्ज, तथा लुम्बिनीको भविश्यमा हुने पर्यटन विकास सम्भाब्यतालाई मध्येनजर गर्दै कम्पनिले काठमाण्डौं उपत्यका बाहिर कम्पनीको ट्रेडमार्क तथा ब्राण्ड अर्न्तगत स्तरिय होटेलहरु सञ्चालन गर्ने व्यावसायीक रणनितिक निर्णय गरि सकेकोछ । सोही अनुसार कम्पनिको पूर्णतः स्वामित्वमा रहेको पूर्णतः स्वाधिकृत सहायक कम्पनी सोल्टी हस्पिटालिटि लिमिटेड संस्थापना गरी होटेलले उक्त कम्पनीको शेयर पूँजिमा ६ करोड ४० लाख रुपैंयाँ लगानी प्रवाह गरी सकेको छ ।

सोही अनुरुप, कम्पनिले सहायक कम्पनी सोल्टी हस्पिटालिटि लिमिटेड मार्फत अन्य स्वदेशी व्यवसायिक संस्थापक लगानीकर्ताहरुसंगको सहकार्यमा एउटा नेपाली संयुक्त लगानी भएको कम्पनी सोल्टी शिवक्रिम होटेल्स् तथा रिसोर्टस् प्रा. लि. संस्थापना गरी पहिलो चरणमा नेपालगंज र पोखरामा होटेल निर्माण तथा संचालन गर्नका लागि लगानी प्रवाह गरि रहेको छ ।



सोल्टी होटल लिमिटेड काठमाण्डौं

**नेपालगञ्जमा भने द्रुतगतीमा होटेल निर्माणको कार्यप्रगति भई रहेको छ तथा सम्भवत: सबै कुरा योजना अनुसार समयमै सम्पन्न भएमा उक्त होटेल आगामी २०७४ साल जेठ मा संचालनमा ल्याउने लक्ष्य रहेको छ ।**

पोखरामा होटेल निर्माणार्थ जग्गा खरीद गरी सकिएको र परियोजना अग्रगमनका लागि आन्तरिक गृहकार्य भई रहेको छ । त्यसैगरी, लुम्बिनीमा होटेल स्थापना गर्नका लागि आन्तरिक अन्वेषण तथा सम्भाव्य क्षेत्रको पहिचान तथा अध्ययनलाई निरन्तरता दिईएको छ । पर्यटकीय सम्भाव्यताको प्रचुरता भएको स्थान र परिवेश उपलब्ध भएमा र कम्पनीको विश्लेषणमा प्रस्तावित होटेल परियोजना उपयुक्त र लाभदायक ठहर भएको खण्डमा निश्चितरुपमा कम्पनीले उक्त सहायक कम्पनी मार्फत लगानी गर्ने वा व्यावस्थापन गर्न तर्फ ध्यान दिनेछ ।

**कम्पनीले हिमाल इन्टरनेसनल पावर कर्प (प्रा.) लि. मार्फत भोटेकोशी पावर कम्पनी (प्रा.) लि. मा गरेको लगानीको सम्बन्धमा गत २०७२ बैशाख १२ गतेको विनाशकारी महाभूकम्प र त्यसपछिका ठूला पराकम्पनहरुको कारण भोटेकोशी पावर कम्पनीको पावर प्लान्टमा ठुलो व्यापक रुपमा क्षतिग्रस्त भई विद्युत उत्पादन हुन नसकेको अवस्थामा पुनः अर्को विपत्ति गत ५ जुलाई २०१६ मा भोटेकोशी नदीमा आएको अप्रत्याशित तीव्र कटान सहितको ठूलो बाढीले आयोजनाको मुख्य सरोबर संरचनालाई पूर्ण नष्ट गरेकोले भोटेकोशी पावर कम्पनीको कारोबारमा प्रतिकुल असर परेको जानकारी उक्त कम्पनीले गराएको छ । उक्त कम्पनीले सो पावर प्लान्ट सञ्चालनमा आउन कम्तिमा अर्को तीन बर्ष लाग्ने समेत जानकारी गराएकोले यस कम्पनीलाई उक्त कम्पनीबाट प्राप्त भई रहेको नगद लाभांश आम्दानी आगामी केही आर्थिक बर्ष सम्म अबरुद्ध हुने देखिएको छ ।**

**कम्पनीको संचालक समितिले व्यावसायिक प्रतिकुलताका वावजूद पनि कम्पनीको कार्यप्रगती र उपलब्धिहरुलाई विश्लेषण गर्दै, शेयरधनी महानुभावहरुलाई कम्पनीको लिन मन्जुर तथा चुक्ता शेयर पूंजीको ११.०५ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने र लिन मञ्जुर तथा चुक्ता पूँजीको १० प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेको सहर्ष जानकारी गराउंदछु । समग्रमा, शेयरधनी महानुभावहरुले लगभग २१.०५ प्रतिशतका दरले लगानीको प्रतिफल प्राप्त गर्नु हुनेछ ।**

होटेलका व्यवस्थापक हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्गको तर्फबाट श्री इन्टरकन्टीनेन्टल होटेल्स ग्रुप तथा त्यसका उच्च पदस्त पदाधिकारीहरु वीच कम्पनीको आत्मिय, सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको जानकारी गराउंदछु ।

कम्पनीको व्यावस्थापन, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको छ । हामी होटेलका सम्पूर्ण कर्मचारीहरुको निपुर्णता, कार्यदक्षता, कार्यक्षमता र लगनशिलता प्रति पूर्ण विश्वस्त छौं ।

सोल्टी परिवारका सम्पूर्ण कर्मचारीहरुको उच्चस्तरको प्रतिवद्धता, समझदारी र व्यावस्थापन तथा कामदार कर्मचारीहरु बीचको सहकार्य, समन्वय एवं समर्थनको सराहना तथा प्रशंसा गर्दै यस कम्पनीको उन्नतीमा अरु थप हौसला तथा उच्च स्तरको सहयोग मिल्ने कुरा प्रति संचालक समिति सहित म पूर्ण विश्वस्त छु ।

आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीलाई दिनु भएको अमूल्य सुझाव र सल्लाह प्रति म कृतज्ञता ज्ञापन गर्दछु । साथै, शेयरधनी महानुभावहरुले कम्पनीको संचालक समिति र व्यावस्थापन प्रति देखाउदै आउनु भएको असिम विश्वास एंव भरोसा प्रति हृदय देखिनै धन्यवाद एवं आभार प्रकट गर्दछु ।

कम्पनीको प्रत्येक वार्षिक साधारण सभामा सक्रिय सहभागिता जनाई यहांहरुको निरन्तर अमूल्य मार्ग निर्देशन, नैतिक सहयोग र समर्थनका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति म र संचालक समिति आभार एवं कृतज्ञता ज्ञापन गर्दछौं ।

साथै होटेलका व्यवस्थापक हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्ग र इन्टरकन्टीनेन्टल होटेल्स ग्रुप तथा त्यसका उच्च पदस्त पदाधिकारीहरुलाई कुशल व्यावस्थापन र कार्यसम्पादन सहित उच्च स्तरको सहकार्य प्रति हामी अभार व्यक्त गर्दै भविश्यमा पनि यसको निरन्तरताको अपेक्षा गर्दछौं ।

सोल्टी होटल लिमिटेड
काठमाण्डौं

होटेलका कर्मचारीहरुको क्षमता र लगनशिलता प्रति पूर्ण विश्वस्त हुदै, म व्यक्तिगत र संचालक समितिको तर्फबाट सम्पूर्ण सहकर्मी कर्मचारीहरुको अथक मेहनत, परिश्रम, सुझाव, सल्लाह, सहयोग र हौसला प्रति हार्दिक आभार र धन्यवाद व्यक्त गर्दछु ।

कम्पनीलाई निरंतर सहयोग र संरक्षण प्रदान गर्नु हुने होटेलमा पाल्नु हुने सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुनाहरु, हामीलाई पाहुना उपलब्ध गराउनु हुने ट्राबल एजेन्सीहरु, एयरलाईन्सहरु, अन्य एजेन्सीहरु, हाम्रो परिकल्पना, योजना र आवश्यकता अनुरुप आधारभूत संरचनालाई साकार र सुनियोजित पार्नुहुने परियोजना परामर्शदाताहरु, आधारभूत संरचनालाई मूर्तरुप दिदै आवश्यकता अनुसार सेवा उपलब्ध गराउनु हुने संरचना निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु तथा अन्य सेवा प्रदायकहरुलाई संचालक समिति र मेरो तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट म नेपाल सरकार, पर्यटन मंत्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेंज लि., नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिंग कम्पनी लि. एवं अन्य सरकारी तथा नियमक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई आ–आफ्नो ठांउबाट पुर्‍याउदै आउनु भएको निरन्तर महत्वपूर्ण योगदानका लागि आभार एवं धन्यवाद व्यक्त गर्दै कम्पनीको ५०औं वर्ष पुगेको उपलक्ष्यमा सबैलाई हार्दिक बधाई !

धन्यवाद !

लिल बहादुर खत्री
कम्पनी सचिव

सोल्टी होटल लिमिटेड काठमाण्डौं

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

सोल्टी होटल लिमिटेड काठमाण्डौं

**अनुसूची २**

**(४२औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ११ संग सम्बन्धित)**

## छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०७३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचिहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा निम्नलिखित ८ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुंदै आ–आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो:–

## छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेकोछ :–

| क्रम सख्या | शेयरधनी नम्बर / हितग्राही खाता नम्बर | बक्ता शेयरधनीको नाम | धारण गरेको शेयर संख्या (प्रति शेयर रु. १० का दरको) |
|---|---|---|---|
| १ | १३०१३६००००००२१११ /१३०१०९०००००१४९३१ | श्री जयन्द्र मान सिंह बानिया | ९२५ |
| २ | १६१५ | श्री कुबेर श्रेष्ठ | ८०६ |
| ३ | २९५५ | श्री केन्द्र महत | १५४ |
| ४ | १३०११७००००००२३०१/३५३२ | श्री रोज कुमार श्रेष्ठ | १७५ |
| ५ | १३०१२५००००००४९९१/४८३ | श्री राम गोपाल मर्हजन | ४,०२१ |
| ६ | १८०८ | श्री गणेश प्रसाद पाठक | ८२६ |
| ७ | २७३१ | श्री नारायण सुन्दर श्रेष्ठ | ४७१ |
| ८ | २७४६ | श्री दशरथ रिसाल | ५,९४३ |

## छलफलको क्रममा सहभागी शेयरधनी महानुभावहरुले सामुहिक रुपमा व्यक्त गर्नुभएको सुझाव, सराहना र मन्तव्य

१. कम्पनीको आगामी वर्षको लगानी कार्ययोजना तथा परियोजनाहरुको सम्बन्धमा बिस्तृत जानकारी गराउदै व्यावसाय बिस्तारको योजनालाई बिशेष ध्यान दिनु पर्‍यो ढिला भई सक्यो । नेपालमा सोल्टी होटेलको नाउं र ब्राण्डमा शिघ्रताशिघ्र थप होटेल संचालन गर्ने तर्फ सोचियोस् ।

२. कम्पनीको संचालक समितिले शेयरधनीहरुलाई चुक्ता शेयर पूंजीको ११.०५ प्रतिशतका दरले नगद लाभांश र चुक्ता पूँजीको १० प्रतिशतका दरले बोनस शेयर दिने सिफारिश गरेकोमा धन्यवाद ।

## छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण

छलफलको क्रममा सहभागी बक्ता शेयरधनी महानुभावहरुले बुंदागत रुपमा निम्नलिखित मन्तब्य, जिज्ञांशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

### १. श्री जयन्द्र मान सिंह बानिया

१. कम्पनीले यस वर्ष ५०औं स्वर्णजयन्ति बार्षिकोत्सव मनाई रहदा सो उपलक्ष्यमा कम्पनीले आफ्ना शेयरधनीहरुलाई बिशेष के उपलब्ध गराउदैछ यो कुरा कतई उल्लेख गरेको देखिएन सोको जानकारी गराउनु होला ।

२. विनाशकारी महाभूकम्प र गत वर्षको तराई मधेश आन्दोलनका कारण नेपाल भारत सिमा नाकाबन्दीका कारण नेपालमा पर्यटक आगमनमा तीव्र ह्रास आएको भनिएको छ र सोही अनुसार मुनाफा पनि घटेको छ ।

३. उपलब्ध वासलात बमोजिम शेयरधनीहरुले चुक्ता शेयर पुंजीको ११.०५ प्रतिशतका दरले नगद लाभांश र चुक्ता पूँजीको १० प्रतिशतका दरले बोनस शेयर पाउने प्रस्ताव गरिएकोले ५०औं स्वर्णजयन्ति बार्षिकोत्सवको अवसरमा शेयरधनीले गरेको अपेक्षा बमोजिम प्रतिफल नपाउने नै देखिन्छ । यो वर्ष प्रतिकुल परिस्थितिले गर्दा दिन नसकेको हुन सक्दछ आगामी वर्ष यसतर्फ मनन गर्नु होला । आगामी वर्षको प्रतिफलको सम्बन्धमा के कस्तो छ सो सम्बन्धमा साधारण किसिमको आश्वासन दिनु पर्‍यो ।

४. विदेशी विनिमयमा गरेको योगदान वापतको पुरस्कार होटेलले पाएकोमा धन्यवाद छ । सर्वाधिक बिदेशी बिनिमय भन्नाले यो वर्ष कति आर्जन गरेको हो र आगामी वर्ष कती आर्जन गर्न सक्छ सो जानकारी गराईयोस् ।

५. सोल्टी होटेल संचालनमा आएको ५० वर्ष भई सक्यो अब कम्पनीले व्यावसाय बिस्तार गर्ने तर्फ सोच्नु पर्‍यो । कम्पनीले व्यावसाय बिस्तार गर्ने कार्यको शुरुवात त गरेको छ तर त्यसको कार्यप्रगति निकै सुस्त रहेको देखिन्छ यसलाई तिब्र गतिले अगाडी बढाउनु पर्‍यो । त्यसै प्रकारले कम्पनीले जलबिद्युत कम्पनीमा लागानी त गरेको छ तर त्यो सोझै आफै नभई अरुको मध्यमबाट गरेको देखिन्छ । सोझै लगानी गर्ने वातावरण मिलाउनु पर्‍यो ।

६. बासलातलाई विश्लेषण गर्दा शेयर पुंजी बृद्धि गरेर व्यावसाय विस्तार गर्ने योजनाको सम्बन्धमा कम्पनी निकै सुस्त गतिमा अगाडी बढेको अवस्था छ । कम्पनीको ऋण पुंजीको अनुपात निकै कम रहेबाट पनि कम्पनीको व्यावसाय विस्तार योजना न्यून रहेको संकेत गर्दछ । संचालक समितिले उपलब्ध पुंजीको प्रयोग व्यावसाय बिस्तार गर्नमा लगाउने आट गर्नु पर्‍यो ।

७. कम्पनीको प्रति शेयर आम्दानी रु. १.९० रहेको छ जबकी प्रति शेयर नेटवर्थ रु. २२.८९ रहेको तथा प्रति शेयर बजार मूल्य (रु.१० प्रति शेयर) रु.३७५ रही गत वर्षको तुलनामा घटेकोछ ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

८. अक्यूपेन्सी गतवर्षको ६५.२० प्रतिशतको तुलनामा ४५.९९ प्रतिशत रही घटेकोछ र सोही अनुसार कुल आम्दानी पनि १४ प्रतिशतले घटेको छ ।

## २. श्री मेजर कुबेर श्रेष्ठ

१. कम्पनीले यस वर्ष ५०औं स्वर्णजयन्ति बार्षिकोत्सव मनाई रहदा शेयरधनीहरुलाई सम्फीएको देखिएन विचार गर्नुहोला ।

२. कम्पनीले व्यावसाय बिस्तार गर्नु पर्‍यो सोल्टीलाई नेपाल राज्यभरी नै पुर्‍याउने तर्फ सोच्नोस् शेयरधनीहरुले सदैब तपाईहरुलाई साथ दिने छन ।

३. यो वर्ष प्रति शेयर नेटवर्थ रु. २२.८९ रहेको छ यसलाई आगामी वर्ष बढाउनोस् । अग्राधिकार शेयर जारी गर्नुहोस् राम्रो प्रतिफल दिनोस् । अर्को वर्ष राम्रो कार्य सम्पादन गर्ने तर्फ ध्यान दिनुहोस् ।

४. संचित नाफा बढी भएकोमा राम्रो छ । अर्को वर्ष राम्रो कार्य गर्नका लागि के गर्नु पर्दछ सो तर्फ ध्यान दिनुहोला ।

## ३. श्री केन्द्र महत

१. कम्पनीका कार्यकारी अध्यक्षज्यूले गत वर्षको विनाशकारी महाभूकम्प पश्चात् होटेलको महा प्रबन्धकमा नेपाल संग परिचत नेपालमै विगतमा कार्यरत श्री उपल मजुमदारज्यूलाई नियुक्त गर्नु भएकोले पनि यस होटेलको कार्यप्रगतिमा ठुलो टेवा पुगेको कर्मचारी भएको नाताले जानकार रहेको छु ।

२. गत बर्ष बैशाखमा गएको विनाशकारी महाभुकम्प पश्चात् सोल्टी होटेलमा ब्यावस्थपनबाट नियुक्त हुने महा प्रवन्धक नेपाल बाहिरबाट आउन नचाहे पछी कम्पनीका कार्यकारी अध्यक्षज्यू तथा इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपबाट बिगत केही वर्ष देखी नेपालको पांचतारे होटेलमा काम गरेका अनुभवी श्री उपल मजुमदारज्यू लाई महा प्रवन्धकमा नियुत्त गर्ने कार्य भएपछि वहांको राम्रो व्यावसायीक सम्पर्कबाट यो होटेल लाभान्वित भएको छ ।

३. यसै प्रकारले गत वर्षको नेपाल भारत सिमाको नाकावन्दीबाट उत्पन्न असहज तथा प्रतिकुल अवस्थामा पनि कार्यकारी अध्यक्षज्यूको प्रत्यक्ष सक्रियता सहीत सबै कर्मचारीहरुसंगको सहकार्यबाट अत्यन्त प्रभावकारी कार्यसम्पादन भएबाट सिङ्गो होटेललाई प्रतिकुल परिस्थितिमा पनि अग्र पंक्तिमा उभ्याउन सक्नुको श्रेय कार्यकारी अध्यक्षज्यू तथा होटेल व्यवस्थापनको कुशल नेतृत्वलाई जान्छ । वहांहरुको सो सराहनीय कार्यको सम्मान तथा धन्यवाद प्रदान गर्नका लागि सबै शेयर धनिहरुबाट सर्मथन गर्न आग्रह गर्दा उपस्थित शेयर धनिहरुको तालीको गडगडाटबाट सभास्थल गुन्जायमान भएको थियो ।

४. यस होटेलमा निरन्तर सेवामा रही जीवनका धेरै वर्ष बिताई सकेका अनुभवि तथा दक्ष कर्मचारीहरु छन । आफ्नोपनबाट सेवा प्रवाह हुने हुंदा होटेलको कामगर्ने शैली र वातावरण कहिले पनी विग्रिएको छैन । अनुभवबाट खारिएका व्यक्तिहरु व्यवस्थापन समुहमा हुनुहुन्छ र अनुभवी र पुराना कर्मचारी भएकोले पनि होटेलले अर्धसतक पार गर्न समर्थ भएको हो । कम्पनी आज यो अवस्थाम पुग्नुमा यहांको व्यवस्थापन र कर्मचारी विचको सुजवुझ, समजदारी र निरन्तर सहकार्य हो भन्ने लाग्छ जो सराहनीय रहेको छ ।

५. यस हेटेलका कर्मचारीहरुले यस कम्पनीलाई जिवन्त राख्न आफ्नो तर्फबाट हर सम्भव प्रयास र निरन्तर सजगता अपनाउदै सेवारत रहेका छन । कम्पनीलाई अपट्यारो परेकोवेला सहयोगार्थ आफ्नो सेवालाई अनुदान समेत गरेको दृष्ठान्त छ । कर्मचारी तथा व्यवस्थापक बीचको सम्बन्ध अत्यन्त सुमधुर भएकोले नै हो आज होटेल ५०औ स्वर्णजयन्ती वर्षमा प्रवेश गरेको छ ।

६. कम्पनिको सदैव हित भएमा मात्रै आफ्नो हित देख्ने कम्पनीका कर्मठ कर्मचारीहरुलाई शेयर प्रदान गरी यस कम्पनीको स्वमित्वमा कर्मचारीहरुको सहभागीता तथा पहुच दिनहुनका लागि अनुरोध गर्दै अन्य कतिपय नयां कम्पनीहरुले कर्मचारी

सोल्टी होटल लिमिटेड काठमाण्डौं

शेयर प्रदान गरे जस्तै सोल्टी होटेले पनि कर्मचारीहरुलाई शेयर दिने व्यावस्था मिलाउनका लागि संचालक समिति समक्ष हार्दिक अनुरोध छ । सो व्यावस्था भएमा र्काचारीहरुको मनोबल उच्च हुन गई निजहरुको कार्यक्षमतामा समेत अभिबृद्धि हुने पक्काछ । अन्य कम्पनीहरुले पब्लीक शेयर जारी गर्दा कर्मचारीहरुलाई पनि शेयर दिने गरेको सन्दर्भमा होटेलका सवै कर्मचारीहरुलाई कर्मचारी शेयर वितरण गर्ने व्यावस्था भएमा कर्मचारीहरुमा स्वामित्वबोध हुने र त्यसबाट निजहरुमा सिर्जित हुने हौसला, उमंग र उत्साहको लहरले अन्ततोगत्वा कम्पनिको कार्यसम्पादनमा सकारात्मक असर पर्न गई कम्पनीको मुनाफामा समेत अभिबृद्धी हुनेछ । होटेलका सम्पुर्ण कर्मचारीहरुले कम्पनीको शेयर पुंजिमा सहभागीताको अपेक्षा गरेको जानकारी गराउदै आगामी साधारण सभामा कम्पनीले कर्मचारीहरुलाई कर्मचारी शेयर जारी गर्ने गरी व्यावस्था मिलाउनका लागि कम्पनीको सञ्चालक समिति समक्ष निवेदन गर्दै कम्पनी प्रतिको कर्मचारीको माया, स्नेह र कार्यक्षमतालाई समेत मुल्यांकन गर्ने गरी कम्पनीबाट **कर्मचारी शेयर** जारी गरियोस भनी हार्दिकताका साथ अनुरोध गर्दै यस सोल्टी होटेलको उत्तरोत्तर प्रगतीको कामना गर्दछु ।

## ४. श्री रोज कुमार श्रेष्ठ

१. गत २०७२ सालको विनाशकारी महाभुकम्प पश्चात् पर्यटन उद्योगमा परेको प्रतिकुल प्रभाव र सोको परिणामस्वरुप यस होटेलको नाफामा समेत निकै ठुलो अन्तराल देखिएको छ । मुनाफामा आएको तीब्र ह्रासले गर्दा शेयरधनीहरुले प्राप्त गर्ने लभांशमा समेत ठुलो कमी आएको देखिएको छ ।

२. कम्पनी समीक्षा आर्थिक वर्षमा विनाशकारी महाभुकम्प र नाकावन्दिको प्रतिकुल व्यवसायिक परिस्थतीबाट तंग्रीदै गरेको अवस्था छ । कम्पनी अहिले समान्य पुर्वावस्थामा फर्कने सम्मको अनुमान गरिएको आभस हुन्छ सो को सम्वन्धमा अध्यक्षज्यूले प्रकाश पार्नु होला ।

३. यस कम्पनीले नेपालगञ्ज र पोखरामा होटेल संचालन गर्ने कुरा संप्रेषित प्रतिवेदनमा उल्लेख गरीएको छ । दुबै स्थानमा होटेल संचालन भएको कति वर्षमा ती होटेलहरुबाट कम्पनीले प्रतिफल प्राप्त गर्ने हो सो भने कतई उल्लेख गरिएको पाईएन । लगानीको पेब्याक समय कती वर्ष हो र प्रतिफल कहिलेबाट प्राप्त हुन थाल्ने हो सोको जानकारी गराउनु पऱ्यो ।

४. होटेलको अक्यूपेन्सी समीक्षा आर्थिक वर्षको ४२ प्रतिशतको तुलनामा चालु आर्थिक वर्षमा ५२ प्रतिशत भएको उल्लेख गरिएको छ । यदि अक्यूपेन्सी दर अहिलेकै अवस्थामा रहेको खण्डमा चालु आर्थिक वर्षको नतिजा कस्तो हुने प्रक्षेपण गरिएकोछ र होटेल समान्यतया महाभुकम्प पहिलोको अवस्थामा फर्कनलाई कती अक्यूपेन्सी हुनु पर्ने हो सो प्रष्ठ पार्नु पऱ्यो ।

५. कम्पनीको वार्षिक प्रतिवेदन वासलातको प्रकाशनको सम्बन्धमा गत आर्थिक वर्षको ४१औं साधारण सभामा मैले तथ्यांकहरु कोष्टकमा / बक्समा राखेर पेज सेटिंग गर्ने सुझाव दिएको थिए तर त्यसो गरेको पाइएन । आर्थिक प्रतिवेदनको प्रकाशन अन्य कम्पनीको भन्दा फरक पेज सेटिंगमा किन गरिएको हो । बक्समा राखेको पेज सेटिगंमा वासालात प्रकाशन गरियोस् आगामी वर्ष यसमा ध्यान पुऱ्याउनु होला ।

## ५. श्री राम गोपाल मर्हजन

१. कम्पनीको समीक्षा आर्थिक वर्षको संचालन मुनाफा उल्लेख्य रुपमा घटेको छ यस तर्फ ध्यान दिनु पऱ्यो ।

२. कम्पनीको समिक्षा आर्थिक वर्षको आर्थिक विवरणहरुलाई विश्लेषण गर्दा कम्पनीको हालको शेयर पुंजी अर्पयाप्त रहेको छ । कम्पनीको शेयर पुंजी बृद्धि गर्नु पऱ्यो ।

सोल्टी होटल लिमिटेड काठमाडौं

३. कम्पनीको शेयरधनीहरुलाई ११ प्रतिशत नगद लाभांश र १० प्रतिशत बोनस शेयर दिदा संचित मुनाफाबाट तानेर दिन पर्ने अवस्था आई सक्यो । त्यस तर्फ पनि ध्यान दिउं ! संचित मुनाफा घटाउदा कम्पनीलाई भविश्यमा अपठ्यारो परिस्थितीको सामना गर्न पर्ने अवस्था आउन सक्दछ । साथै यसले गर्दा कम्पनीको नाफा घट्दै जानेहो कि भन्ने आशंका जनाउदछ ।

४. यो होटेल भन्दा निकै पछि संस्थापित अन्य पांच तारे होटेलहरुको व्यावसायमा आशालाग्दो कार्यसम्पादन हुन गई तिनिहरुको आर्थिक अवस्थामा सुधार देखिदै गर्दा सोल्टी होटेल अन्य समकक्षी होटेलहरुको तुलनामा अरु उचाईमा पुग्नु पर्ने हो तर त्यसो भएको देखिएन । यस तर्फ ध्यान दिनु होला ।

५. कम्पनीले हाईड्रो पावर कम्पनीमा गरेको लगानीबाट आगामी तीन वर्ष सम्म उक्त कम्पनीमा परिआएको भवितव्य जन्य परिस्थितीको कारणले गर्दा कुनै प्रतिफल नआउने कुरा उल्लेख गरेको छ । कम्पनीले नेपालगञ्ज तथा पोखरामा नयां होटेल खोल्न गरेको लगानीको प्रतिफल कहिलेबाट प्राप्त हुन थाल्ने हो सो पनि उल्लेख छैन । कम्पनीको मुनाफा ह्रासोन्मुख रहेको अवस्थामा लगानीको प्रतिफल प्राप्त हुन सकेमा ठुलो टेवा पुग्ने हुदा यस तर्फ ध्यानाकर्षण होस् ।

६. कम्पनीको समीक्षा आर्थिक वर्षको उपलब्ध आर्थिक विवरणहरुको सरसरी विश्लेषण गर्दा निम्नलिखित बिषयहरुको सम्बधमा प्रष्ट्याई दिनु होला :–

(क) सोफ्वेयर खर्च प्रत्येक वर्ष निरन्तर बढेको देखिन्छ । पटक पटक सोफ्वेयर बदली राख्नु भन्दा एकै पटक राम्रो सोफ्वेयर जडान गरी खर्चको बचत किन न गर्ने ?

(ख) शंकास्पद असामी व्यावस्थामा प्रत्येक वर्ष ५० लाखको खर्च लेख्ने गरिएको छ यो के हो ?

(ग) सहायक कम्पनी, सोल्टी हस्पिटालिटी लि. मा कम्पनीले यस वर्ष थप तीन करोड शेयर लगानीको लागि पेश्की भुक्तानी गरेको हिसाबमा देखिन्छ सो सहायक कम्पनीमा यस कम्पनीले जम्मा कती रकम लगानी गर्ने योजना रहेको छ ? काठमाण्डौं बाहिर गरिने लगानी छिटो गर्नु पर्‍यो ।

(घ) कम्पनीले विगत वर्षको आयकरसंग सम्बन्धित पुनरावेदनको लागि धरौटी रकम जम्मा गरेको छ । सो सम्बन्धमा के भई रहेको छ जानकारी गराउनु होला ?

(ङ) कम्पनीको संचित नाफालाई नघटाउ कम्पनीको संचित मुनाफा बलियो हुनु पर्दछ । बोनस शेयर जारी गरेर पुंजी बढाउने तर्फ ध्यान जाओस् ?

७. कम्पनीका शेयरधनीहरुलाई लाभांश दिदा निरन्तरता र एकरुपता अपनाउनु पर्‍यो । कम्पनीको लाभांशको वितरण गर्दा एउटा लाभांश निति बनाएर गर्नु पर्‍यो ।

## ६. श्री गणेश प्रसाद पाठक

१. तुलनान्तमक हिसाबले होटेलको औषत कोठा दर निकै कम छ यसलाई बढाउनु पर्‍यो । बिदेशका होटेलहरुको सुबिधाको स्तरको दृष्ठिकोणबाट हेर्दा पनि कोठा दर कम हो । कोठा दर कम भएतापनि अक्यूपेन्सी प्रतिशत पनि कमनै छ किन यस्तो भएको हो ? होटेलको बजार व्यावस्थापन तथा रणनितिक कार्ययोजना नमिलेको हो भने मिलाउने तर्फ ध्यानाकर्षण गर्दै कोठा दरमा परिवर्तनशिलता अपनाउदै तलमाथि गर्ने निति तथा परिपाटी मिलाउनु पर्‍यो ।

२. सोल्टी होटेलको वेवसाईट हेर्दा केही भेटीदैन । वर्तमान सूचना मैत्री युगमा पनि कम्पनीले शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन द्रुत माध्यम वेवसाईट र ईमेलबाट सम्प्रेषित गर्ने तर्फ ध्यान दिएको पाईएन । शेयरधनीहरु सम्म पुग्न वेवसाईट र इन्टरनेटको प्रयोग तर्फ ध्यान दिदै छिटो, राम्रो, सस्तो र उचित समयमा वार्षिक साधारण सभाको वासलात सहितको वार्षिक प्रतिवेदन र सुचना प्रवाह गर्ने तर्फ यथेष्ट ध्यान दिनोस् ।

३. कम्पनीले आगामी वर्षको अनुमानित कार्ययोजना तथा व्यावसायीक रणनिति बनाई सोको विश्लेषण बार्षिक साधारण सभामा गर्ने वातावरण बनाउनु पर्‍यो । संगठीत संस्था असल सुशासन तर्फ पनि ध्यान दिनोस् शेयरधनीहरुबाट कम्पनीको

सोल्टी होटल लिमिटेड काठमाण्डौं

कार्यप्रगतीको मुल्यांकन गर्ने व्यावस्था हुनु पऱ्यो । मात्र कानूनी अनुपालना गर्ने परिपाटीको अन्त्य हुनु पऱ्यो । यस तर्फ ध्यान दिनु होला ।

४. आम्दनी तथा खर्चको सन्तुलन तथा खर्चको नियन्त्रण प्रभावशाली हुनु पऱ्यो । व्यावस्थापनबाट सक्षम तथा कुशल कार्यसम्पादन सम्वन्धी प्रतिबद्धता आउनु पऱ्यो । आगामी आर्थिक वर्षको कार्ययोजना तथा मुनाफा आर्जनको लक्ष्य निर्धारण सहित शेयर धनीहरुलाई लाभांश कती दिन सकिने हो सोको प्रक्षेपण सहितको प्रतिबद्धता आउनु पऱ्यो ।

५. कम्पनीले आफ्नो ब्राण्ड इमेज बनाउनु पऱ्यो । सबै भन्दा पुरानो यस होटेलले आफ्नो ब्राण्ड र ख्यातीमा देश तथा विदेशमा समेत होटेल व्यावस्थापन गर्न किन नसक्ने ? अरुको ब्राण्ड लिएर सधैं होटेल संचालन गर्ने परिपाटी कहिले सम्म ? होटेल व्यावस्थापनको अवधारणा तर्फ विशेष ध्यान दिनु पऱ्यो ।

६. समीक्षा आर्थिक वर्षमा अनेकानेक व्यावधान तथा प्रतिकुल परिस्थितीका वावजुद पनि कम्पनीले साधन तथा श्रोतको उचित व्यवस्थापन गर्दै नाफा आर्जन गरेको छ र यो सराहनीय छ ।

७. शेयरधनीहरुबाट आउने सल्लाह तथा सुझावहरुलाई मनन तथा ग्रहण गर्दै तिनको अनुपालना समेत गर्नु होला ।

## ७. श्री नारायण सुन्दर श्रेष्ठ

१. यस कम्पनीको साधारण सभा हल भित्र प्रवेश गर्न हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने व्यावस्थाले मलाई अफ्ट्यारो पाऱ्यो । यस सभामा बोल्ने वक्त भएकोले समयमा हल भित्र पस्न पाईन । स्मरण रहोस्, अन्य कुनै पनि कम्पनीमा हाजिरी गरेर साधारण सभा भित्र पस्ने व्यावस्था छैन अनी यहां हाजिरी किन गर्नु पर्ने ? अर्को साल देखी साधारण सभा हल भित्र पस्न हाजिरी गर्न नपर्ने व्यावस्था गर्नोस् । साधारण सभा हल भित्र सबैले निर्वाध प्रवेश गर्न पाउनु पर्छ सुरक्षा गार्डले प्रवेश पत्र किन जांच गर्नु पर्ने ? हाजिरी गर्नै पर्ने भए शेयरधनीहरु वाहिरीदा वा अन्य कुनै उपायबाट गराउनुहोस् सभाहल भित्र पस्दा हाजिरी गराउन मिल्दैन ।

२. कम्पनीको वासलातको अध्ययन विश्लेषण मात्रबाट कम्पनीको वास्तविक यथार्थ अवस्थाको जानकारी प्राप्त गर्न सकिदैन । कानुनी सल्लाहकार तथा लेखापरिक्षकको नियुक्त गर्ने पूर्ण अधिकार शेयरधनीलाई हुनु पऱ्यो । शेयरधनीहरुको अधिकारलाई कम्पनी ऐनबाट कटौति गरियो । लेखापरीक्षकको नियुक्ति लेखा समितिको सिफारिश अनुसार गर्ने व्यावस्थाले गर्दा कम्पनीको हिसाब किताबमा पारदर्शिता देखीएन, बिकृति आउन थाल्यो । राम्रो कानुनी सल्लाहकार तथा लेखापरिक्षक नियुक्ति गर्नोस् ।

३. यस होटेलले भन्दा राम्रो कार्यसम्पादन अन्य समकक्षी प्रतिष्पर्धि निजि होटेलहरुले गरी रहेका छन । सबै पब्लिक लिमिटेड होटेलहरुले लगानीकर्ता शेयरधनीहरुलाई ठगी रहेको अवस्था छ ? यस होटेलले ऐन र नियमहरुले निर्देशन गरेको कुरा मात्रै अनुपालना तथा अनुशरण गरेर पुग्दैन संगठीत संस्थाले गर्नु पर्ने असल शुसाशन अर्न्तगतका कार्यहरुको पनि अनुपालना गर्नु पऱ्यो ।

४. कम्पनीको संचालक समितिले यसपाली पनि शेयरधनीहरुलाई नगद लाभांश र बोनस शेयर प्रदान गर्ने सिफारिश गरेर शेयरधनीहरुलाई प्रतिफलको निरन्तरता र सुनिश्चितता गर्दै कम्पनीको शेयर पुंजी बढाउने सराहनीय कार्य गरेको छ । ४२औं साधारण सभाको आजको यो ठुलो उपस्थितीले पनि यस कम्पनीको लोकप्रियता तथा होटेल प्रतिको शेयरधनीहरुको आगाध विश्वास र भरोसालाई प्रतिबिम्बित तथा प्रदर्शित गर्दछ । यो लोकप्रियता पाउनु ठुलो उपलब्धी हो र यस्तो सधैव कायम नरहन पनि सक्दछ बिद्रोह हुन सक्दछ होस् गर्नुहोला ?

५. सधै भरी एउटै समुहबाट संचालक समिति हुनु भएन, परिवर्तनलाई आत्मसात गर्दै समय र परिस्थिति अनुसार चल्नु पर्दछ । समय अनुसार संस्थागत परिवर्तन गर्दै जानु पऱ्यो ।

६. यसपाली कम्पनीका शेयरधनीहरुलाई प्रदान गरिएको लाभांश यो वर्षको मुनाफाको रकमले पुग्दैन । लाभांश र बोनस शेयर संचित मुनाफाबाट समेत निकालेर शेयरधनीहरुलाई प्रतिफल दिईएको अवस्था छ । यसरी कती वर्ष सम्म कम्पनी चलाउने

हो ? यसो गर्दा सोल्टी होटेलको शेयर प्रति लगानीकर्ताको वितृष्णा उत्पन्न हुने संभावना हुन्छ यतातिर विचार पुर्‌याउनु होला । कम्पनीले यस वर्ष जम्मा रु. ९.९८ करोड मुनाफा आर्जन गरेकोछ जबकी जम्मा लाभांश नगद र बोनस शेयर गरी रु. ११.०८ करोड दिने प्रस्ताव छ । अनि कसरी शेयरधनी खुशी हुने ? यो होटेलको कार्यसम्पादन अन्य समकक्षी पांचतारे होटेल भन्दा पनि तल झरेको अवस्थाछ । सोल्टीको नांउले मात्र पेट भरिने होइन । सोल्टीलाई विश्वाश गरेर शेयर राखी राख्ने (होल्ड गर्ने) शेयरधनीहरुलाई मर्का परेकोछ विचार गर्नुहोला ।

## ८. श्री दशरथ रिसाल

१. कम्पनीले सोल्टी होटेल संचालनमा आएको ५०औं स्वर्णजयन्ती वार्षिकोत्सव एउटा भव्य र सालिन समारोह बीच अत्यन्त हर्षोल्लासमय वातावरणमा मनाएको छ । कम्पनी ५०औं वर्ष पुगेको यस ऐतिहासिक सुखद सुअवसरमा हार्दिक बधाई तथा शुभकामना सहीत अलग्गै छाप छोड्ने गरी पर्यटन व्यावसायसंग सम्बन्धित प्रतिष्ठित व्यक्तित्वहरुबाट सामुहिक रुपमा समुद्‌घाटन गराएर भिन्न तरिकाबाट स्वर्णजयन्ती मनाउनु भएकोमा धन्यवाद छ ।

२. कम्पनीले नेपालगञ्ज, पोखरा तथा लुम्बीनीमा होटेलहरु संचालन गर्ने जनाई सकेको छ । जो अत्यन्त स्वागत योग्य छ । अब समय आएको छ कि सोल्टीले पनि अर्न्तराष्ट्रिय चेन होटेल व्यावस्थापक कम्पनीहरुले जस्तै नेपालका अन्य व्यक्तिको स्वामित्वमा रहेका होटेलहरुको प्रवन्धन तथा व्यावस्थापन सोल्टी होटेलको आफ्नै ब्राण्ड र ख्यातिमा संचालन गर्ने जिम्मा लिनु पर्‍यो । सोल्टी होटेलले आफ्नै ब्राण्ड र विशेषज्ञता प्रयोग गर्दै अरुका होटेलहरुको व्यावस्थापन गर्ने कार्यनिति बनाउनु पर्‍यो ।

३. सोल्टी होटेल सधैव अतिविशिष्ट र बिशिष्ठ पाहुनाहरुको रोजाईमा पर्ने गरेको भएतापनि यस पटक मित्रराष्ट्र भारतका राष्ट्रप्रमुखको भ्रमणका बेला यस होटेलमा आतिथ्यसत्कार गर्ने बातावरण किन मिलेन ? अन्तिममा अर्कै होटेलमा बसालियो । यसको विवेचना गर्नु होला । सोल्टी होटेलको व्यावस्थापनलाई चुस्त र दुरुस्त बनाउनु पर्दछ । होटेलका ग्राहकहरुले व्यावसाय प्रदान गर्नका लागि सम्पर्क गर्दा समेत वेवास्ता गरिन्छ भन्ने ग्राहकहरुको गुनासो छ । होटेलको बजार व्यावस्थापन तथा विक्री प्रर्वद्धन विभागको कार्यसंचालन गर्ने तरिकामा विशेष सुधार ल्याउने तर्फ ध्यान दिनुहोला । आक्रामक बजार प्रवर्द्धन तथा व्यावस्थापन देखिएको छैन । व्यावस्थापन सुध्रिन समय लाग्दछ तर बिग्रीन समय लाग्दैन त्यसैले समयमै सजगता अपनाउनु पर्‍यो । होटेल सिस्टमले चलाउनु पर्दछ व्यक्ति बिशेषको नियन्त्रणबाट होईन ।

४. कतिपय साल्टी होटेलको पकड भएको बजार हिस्सा होटेल व्यावस्थापनको कमजोरीले गर्दा अन्य समकक्षी प्रतिष्पर्धीहरुले तानेर लगेका छन । सोल्टी क्राउन प्लाजा होटेलको बजार व्यावस्थापन तथा बिक्रि शाखाले फोन कलको प्रतिक्रियात्मक कल सम्म गर्दैन भन्ने शिकायत निष्ठावान ग्राहकहरुबाट समेत आउन थालेको छ । त्यसैले, कम्पनीको बजार व्यावस्थापन चुस्त र आक्रामक बनाउनका लागि सुधारको आवश्यकता रहेको छ । यहांहरुले यसको विश्लेषण गर्नु होला ।

५. सोल्टीको सामान आपूर्तिको लागि प्रत्येक वर्ष टेन्डर आवहान गरिन्थ्यो तर यस पटक गरिएन किन ? गत वर्षका आपूर्तिकर्ता ठेकेदारहरुलाई नै पुन ठेक्का दिईएको भन्ने सुनिन्छ । स्मरण रहोस् यस वर्ष गत वर्षको तुलनामा बजार भाउ २५ प्रतिशतले घटेको छ । पुरानै आपूर्तिकर्तालाई निरन्तरता किन ? संचालक समितिले यसमा विशेष ध्यान दिनुहोला भन्ने अपेक्षा लिएको छु ।

६. कम्पनीको संचालक समितिले शेयरधनीहरुलाई चुक्ता शेयर पूंजीको ११.०५ प्रतिशतका दरले नगद लाभांश र चुक्ता पूँजीको १० प्रतिशतका दरले बोनस शेयर दिने सिफारिश गरेकोमा हार्दिक धन्यवाद ।

तिल बहादुर खत्री
कम्पनी सचिव

सोल्टी होटल लिमिटेड
काठमाडौं

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

**<u>अनुसूची ३</u>**

**(४२औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १२ संग सम्बन्धित)**

## सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नु भएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर विष्टज्यूले समग्र एवं सामुहिक रुपमा निम्नलिखित प्रत्युत्तर दिनु भएको थियो :

१. कम्पनीलाई चाहिने पुँजीको आवश्यकता परिपूर्ति गर्ने कुरा विशुद्ध रुपमा कम्पनीलाई चाहिने पुंजीको आवश्यकता माथि भरपर्ने कुरा हो । आवश्यक पुँजीको व्यवस्थापन गर्दा मुलतः कम्पनी संग दुईवटा विकल्पहरु हुन्छन, एउटा शेयर पूँजी बृद्धि गरेर शेयरधनीको कोषबाट व्यावसायका लागि पुँजी प्राप्त गर्ने र अर्को ऋणको मध्यमबाट आवश्यक पुँजीको व्यावस्था गर्ने । सामान्यतया जनधारण शेयरधनीहरुको कोषबाट प्राप्त गर्ने पुँजी कम्पनीलाई सस्तो पर्दछ भन्ने रहेको पाइन्छ तर बास्तवमा यो अवधारणा सही होईन । बित्तीय सिद्धान्त अनुसार जहिले पनि व्यावसायमा ऋणको लागत अर्थात व्याजमा लिएको पुँजी नै सस्तो पर्ने गर्दछ किनकी शेयर पुँजी लगानीमा जोखिमको मात्रालाई पनि गणना गर्नु पर्दछ जो लगानी संगै गासिएर आउने गर्दछ । अर्कोतर्फ लगानीकर्ताबाट शेयर पुँजी उठाए पछि कम्पनीले सो प्राप्त पूँजीको प्रतिफल पनि शेयरधनीहरुलाई दिन सक्नु पर्दछ अन्यथा लागानीकर्ता प्रति न्याय हुदैन । यसले गर्दा शेयर पुँजी जहिले पनि महंगो हुने गर्दछ ।

२. यस कम्पनीको ऋण पूँजीको अनुपात नगण्य रहेको छ किनकी अहीले सम्म कम्पनीले आवश्यक पूँजीको व्यावस्थापन आफ्नै आन्तरिक वित्तीय श्रोत र साधनबाट गरिरहेको छ । जसमा मुख्यतः दुई किसिमका वित्तीय आवश्यकताहरु परिपूर्ति गरिएको छ, पहिलो दीर्घकालिन पूँजीको आवश्यकता र दोश्रो आन्तरिक व्यावसाय संचालनको लागि पूँजीको आवश्यकता । वर्तमानमा दुबैको व्यावस्थापन कम्पनकिो आन्तरिक श्रोतबाट नै भई रहेको अवस्था छ ।

३. हाम्रो विचारमा कम्पनी अहिले अनुदारवादी बित्तीय संरचनामा चली रहेको छ । त्यसैले हामी कम्पनीलाई भविश्यमा पुँजीको आवश्यकता परेमा ऋण प्राप्त गरेर परिपूर्ति गर्ने तर्फनै अग्रसर हुनु पर्दछ । हाल कम्पनीको ऋण पूंजिको अनुपात ज्यादै न्यून भएको कारण कम्पनीले व्याज खर्चबाट हुने व्यावसायीक लाभ लिन नसकि रहेको अवस्था छ ।

४. कम्पनीले नेपालगंज र पोखरामा प्रवाह गरेको लगानीको कार्यसम्पादन गति सुस्त भयो भन्ने सम्वन्धमा कम्पनीले कुनै पनि स्थानमा गर्ने लगानी त्यहांको व्यावसायीक सम्भाब्यताको विस्तृत अध्ययन र सम्भाब्य बजार सर्भेक्षण गरेर मात्र प्रवाह गर्ने गरेकोले यसमा समय लाग्नु स्वाभाविक हो । हाम्रो विचारमा हामीले गरेका अनुसन्धानात्मक बजार अन्वेषण, विष्लेषण र उपलब्ध पर्यटन बजार तथ्यांक अनुसार नेपालगंजको सम्भाव्यता अत्यन्त उत्साहाजनक पाएको हुदा कम्पनीले सर्वप्रथम नेपालगंजमा व्यवसाय विस्तार गर्ने निति लिदै सो परियोजना हाम्रो प्राथमिकतामा परेको हो । नेपालगंजको व्यावसायिक सफलताको दर उच्च रहने प्रक्षेपण छ । त्यसैले नेपालगंजमा कंम्पनीले पहिलो होटेल संचालन गर्ने र त्यस पछि मात्र पोखरामा संचालन गर्ने निति लिएको हो ।

५. कम्पनीको लागनीको गति सुस्त भयो यसलाई तिब्रता दिनु पर्‍यो भन्ने सम्बन्धमा विगतको असहज र प्रतिकुल परिस्थितिलाई समेत स्मरण गराउन चाहन्छौं। २०७२ साल बैशाखको विनाशकारी महाभूकम्प, त्यसपछि २०७२ साल कार्तिक देखी शुरु भएको नेपालको दक्षिण सिमा नाकामा भएको नकाबन्दीले नेपालका सबै परियोजनाहरुमा सोको प्रत्यक्ष प्रतिकुल असर पर्‍यो। यहां सम्मकी हालको भारतमा जारी बिमुद्रीकरणले समेत नेपालमा हुने भौतिक निर्माण सम्बन्धी गतिबिधिहरुमा प्रतिकुल प्रभाव पर्न गई होटेल निर्माण कार्यमा केही ढिलो भएको भने छ तर लगानी गर्ने कार्य ढिलो भएको भन्ने कुरा सत्य होइन।

६. कम्पनीले यस वर्ष शेयरधनीहरुलाई सिफारिश गरेको कुल लाभांश संचित मुनाफाबाट निकालेर दिएको छ भन्ने सम्वन्धमा निश्चित रुपमा कुरा सहीहो यस पटक लाभांशले संचित मुनाफाको केही अंश काटेको छ। सो सम्बन्धमा कम्पनीको संचालक समितिमा व्यापकरुपमा विष्लेषणात्मक छलफल गरेर मात्रै सिफारिश गर्ने निर्णय गरिएको हो। कम्पनीको चालु आर्थिक वर्षको व्यवसायीक कार्यसम्पादन तथा वित्तीय लाभप्रदत्ततामा अभिबृद्धि भई रहेको अवस्था, विगत आर्थिक वर्षहरुमा लाभांश भुक्तानीको ट्र्याक रेकर्ड र अनुपात, तथा कुल लाभांश प्रवाहको निरन्तरता र एकरुपता जस्ता तथ्यहरुलाई मध्यनजर राखी विश्लेषण गर्दै संचालक समितिले लाभांशको केही अंश संचित मुनाफाबाट प्रवाह हुने गरी शेयरधनीहरुलाई लाभांश र बोनस शेयर दिने सिफारिश गरेको हो।

७. वर्तमान युग मूलभूत सक्षमताको जमाना हो। तसर्थ बिशिष्ठीकरण तथा व्यावसायीक विशेषज्ञताको आधारमा व्यावसाय संचालन गर्नु पर्ने भएको हुंदा जसको जुन बिषयमा शिप र ज्ञान छ त्यसले त्यही व्यावसाय गर्नु बुद्धिमत्तापूर्ण कार्य हुन्छ। सफलता प्राप्तिका लागि आफ्नो व्यावसायीक दक्षता, निपुर्णता र विषेशज्ञता अनुकुल व्यवसायीक पेशा अपनाउनु पर्दछ भन्ने अवधारणबाट उत्प्रेरित हुंदै कम्पनीले पनि पर्यटन उद्योगको होटेल क्षेत्रमा लगानी विस्तार गरेको हो। हाम्रो विषेशज्ञता र कार्यदक्षता आतिथ्यसत्कार क्षेत्रमा रहेकोले होटेल संचालन र व्यवस्थापन तर्फ केन्द्रीत हुनु स्वभाविक हो।

८. काठमाण्डौ वाहिर खोलिने सम्पूर्ण होटेलहरु कम्पनीको सोल्टी ब्राण्ड र नाममा संचालित हुनु पर्दछ भन्ने शेयरधनीको सुझाव आएको छ। सो सम्बन्धमा नेपालगञ्ज, पोखरा वा लुम्बिनी या अन्य कुनै पनि शहरमा निर्माण वा व्यावस्थापन गरिने सबै होटेलहरु सोल्टीको आफ्नै ब्राण्ड र नाममा स्थानीय व्यावस्थापकबाट संचालन तथा व्यावस्थापन हुने छन्। व्यावसाय विस्तारको क्रममा भविश्यमा सोल्टी ब्राण्डको अन्तराष्ट्रियकरण पनि हुन सक्दछ यो सबै हाम्रो ब्राण्ड र नामले भविश्यमा प्राप्त गर्ने कार्यसम्पादन, सफलतामा ख्यातिमा निर्भर गर्दछ।

९. उच्च विदेशी बिनिमय आर्जन गरे वापत प्राप्त गरेको पुरस्कारको सम्वन्धमा सो पुरस्कार नेपालमा आर्थिक बर्ष २०७२/२०७३ मा होटेल क्षेत्रमा विदेशी विनिमय आयमा दिएको सर्वाधिक योगदानको मूल्यांकन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस होटललाई सम्मानपत्रले पुरस्कृत गरेको हो। आगामी वर्ष विदेशी बिनिमय आर्जन कती होला भन्ने सन्दर्भमा यो सबै बजारको व्यावहार, विस्तार र प्रवृतिमा भर पर्ने कुरा हो।

१०. कम्पनीको आगामी आर्थिक वर्षको प्रक्षेपण बजेटको सम्बन्धमा होटेल व्यावस्थापनले प्रत्येक त्रैमासिक रुपमा कम्पनीको संचालक समितिमा त्रैमासिक बजेट प्रस्तुत गर्दछ तथा त्यसमाथी विस्तृत छलफल पश्चात् सो बजेटलाई स्विकृत गरिन्छ र प्रबन्धनबाट सोको कार्यसम्पादन भए नभएको मुल्यांकन त्रैमासिक अवधिमा नियमित रुपमा विश्लेषण गर्दै आवश्यक दिशा निर्देशन समेत संचालक समितिले गर्ने परिपाटी छ। त्यस्तै वार्षिक तथा तीन वर्षे आवर्ती आर्थिक योजना समेत तयार गरी रणनिति तैयार गरिन्छ।

११. सफ्टवेयर खर्चको सम्वन्धमा सो सफ्टवेयर खर्चमा देखाइएको रकम वार्षिक सम्भार खर्च हो नयां सफ्टवेर खरीद गर्नका लागि खर्च गरिएको होईन।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

१२. होटेलको औषत कोठा दर र अक्युपेन्सी न्युन रहेको छ भन्ने सम्बन्धमा गत वर्ष व्यावसायको परिमाण घटेको छ त्यसैले अक्युपेन्सी प्रतिशतमा पनि न्यूनता आएको हो । कोठा दर परिवर्तशिल हुनु पर्दछ भन्ने सम्वन्धमा होटेलको हलिडेक्स रिजर्भेसन सिस्टममा त्यस्तो व्यवस्था रहेको जानकारी गराउदछ। हलिडेक्स रिजर्भेसन सिस्टममा होटेलको कोठा दर निकै गतिशील हुने गर्दछ प्रत्येक दुई घण्टामा मुल्यमा घटबढ भईनै रहेको हुन्छ ।

१३. सोल्टी होटेलको वेवसाईटको विषयमा शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाहा सुझाव र सुधारहरुलाई हार्दिकताका साथ ग्रहण गर्दै यस तर्फ कम्पनीको ध्यानाकर्षण भएको छ। हाम्रो वेवसाईटको व्यापक सुधार र स्तरियकरण गर्नुपर्ने पनि छ तसर्थ हामीले यथा शीघ्र यस तर्फ ध्यान दिने छौ ।

१४. संस्थागत शुसान र लेखापरिक्षक नियुक्तिको सम्वन्धमा शेयर धनीले उठाउनु भएको बिषयको सम्बन्धमा यो नितान्त कानूनी प्रावधान हो । कम्पनीले कम्पनी ऐनको व्यवस्थालाई अक्षरस अनुपालना गरि रहेको छ । संस्थागत शुसानको सम्वन्धमा कम्पनीले सजगताका साथ प्रत्येक असल शुसासनका आधारस्तम्बहरुको निष्ठापूर्वक अनुपालना गर्ने गरेको छ । कम्पनी पारदर्शीताको सिद्धान्तमा विश्वाश गर्दछ र हामी यसमा गर्व गर्दछौ । शेयरधनी महानुभावले आमधारणा राख्दै बयान बाजी गर्न मिल्दैन ।

१५. अन्त्यमा कम्पनीको संचालन कार्यमा कुनै प्रकृयागत त्रुटि कम्जोरीहरु भएका छन् भने यहांहरुले सोही बखत कम्पनीका अध्यक्षलाई जानकारी गराउनु भएमा अनुग्रित हुनेछौं र हार्दिक अनुरोध समेत गर्दछु ।

धन्यवाद !

सभापतिज्यूले शेयरधनी महानुभावहरुको जिज्ञांशा र प्रश्नहरुको प्रत्युत्तर दिनु भए पश्चात् सभा समक्ष छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नु भएको थियो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

सोल्टी होटल लिमिटेड
काठमाडौं

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

Soaltee Hotel Limited

## अनुसूची ४

(४२औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) को क्रम संख्या १३(क)४ संग सम्बन्धित)

**कम्पनीका लेखापरीक्षण समितिको तर्फबाट सो समितिका अध्यक्षबाट लेखापरीक्षक नियुक्ति गर्ने सिफारिश सम्बन्धी प्रस्तुती**

४२औं साधारण सभाका सभापतिको अनुमतीले कम्पनीका लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष कम्पनीको वैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी प्रस्तावको बिषयमा निम्नलिखित लेखासमितिको सिफारिश प्रस्तुत गर्नु भएको थियो :–

अध्यक्ष महोदय,
संचालक समितिका सदस्यज्यूहरु,
आदरणीय शेयरधनी महानुभावहरु,
व्यावस्थापन समुहका पदाधिकारीहरु,
लेखापरीक्षक तथा महिला एवं सज्जनबृन्द,

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) का लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक विषयको सम्बन्धमा मिति २०७३ मंसिर २ गते तदनुसार १७ नोभेम्बर २०१६ विहिबारका दिन कम्पनीको लेखापरीक्षण समितिको ५३औं बैठकमा बिस्तृत छलफल भई कम्पनीको मिति २०७३ मंसिर ९ गते तदनुसार २४ नोभेम्बर २०१६ विहिबारका दिन बसेको संचालक समितिको २०८औं बैठकमा लेखासिमतिले संचालक समिति समक्ष प्रतिवेदन प्रस्तुत गरेको समेत जानकारी गराउंदछु ।

कम्पनीका वर्तमान वैधानिक लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौंको कार्यकाल ४२औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुँदैछ । वर्तमान लेखापरीक्षक श्री  जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार पुनः नियक्तिका लागि योग्य हुनु भएको शेयरधनीमहानुभावहरु समक्ष जानकारी गराउँदै सोही ऐनको दफा ११२ बमोजिम वहांहरु योग्य रहेको जानकारी समेत कम्पनीलाई प्राप्त भएको अवस्था छ ।

लेखापरीक्षण समितिमा कम्पनीको लेखापरीक्षकको नियुक्ति र निजहरुको पारिश्रमिक निर्धारण गरि सो प्रस्तावलाई स्वीकृत गरी पारित गर्नका लागि ४२औं वार्षिक साधारण सभा समक्ष पेश गर्ने विषयमा समितिमा विस्तृत छलफल हुंदा वर्त्तमान लेखापरीक्षक **श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्को** विगत कार्यकालको कार्यसम्पादन सन्तोषजनक भएको निष्कर्ष सहित निजहरुलाई नै **आर्थिक वर्ष २०७३/७४ (२०१६/१७)** को लागि पनि कम्पनीको **लेखापरीक्षकमा पुनःनियुक्त** गर्ने शिफारिश गर्ने समितिबाट सर्वसम्मत निर्णय भई कम्पनीको यस ४२औं वार्षिक साधारण सभा समक्ष सो शिफारिश गरिएको प्रस्तावलाई स्वीकृत गरी पारित गर्नका लागि पेश गर्ने निर्णय भए बमोजिम **श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्लाई कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव** सभाबाट पारित गर्नका लागि अनुरोध गर्दछु ।

साथै, लेखापरीक्षकको पारिश्रमिकको सम्बन्धमा लेखासिमतिको उक्त बैठकले निजहरुको गत आर्थिक वर्ष २०१५/१६ को निर्धारित पारिश्रमिकमा कुनै पनि बृद्धि नगरी चालू आर्थिक वर्ष २०७३/७४ (२०१६/१७) को लागि कम्पनीको वैधानिक लेखापरीक्षण (Statutory Audit) र कर लेखापरीक्षण (Tax Audit) दुवै लेखापरीक्षण गर्नको लागि **मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. ३९९,३०० पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने** सिफारिस गरेकोले ४२औं वार्षिक साधारण सभा समक्ष वैधानिक लेखापरीक्षक

नियुक्ती र निजहरुको पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने प्रस्तावलाई यस सभाबाट स्वीकृत गरी पारित गर्नका लागि समितिले यस सभा समक्ष सिफारिश गरेको छ ।

**अत: लेखापरीक्षण समितिको सिफारिश अनुसार श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्लाई आर्थिक वर्ष २०७३/७४ (२०१६/१७) का लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. ३९९,३०० (रुपैंयां तिन लाख उनानसयहजार तीन सय मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) पाउने गरी कम्पनीको वैधानिक तथा कर लेखापरीक्षक नियुक्तिको प्रस्ताव पारित गर्नका लागि यस सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।**

उपरोक्त बमोजिम श्री रवि भक्त श्रेष्ठज्यूले आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को लागि कम्पनीको वैधानिक लेखापरीक्षकमा ( Statutory Audit) साविकका लेखापरिक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् (Joshi & Bhandary, Chartered Accountants) काठमाण्डौंलाई नियुक्त गर्न लेखापरीक्षण समितिले सर्वसम्मत निर्णय गरी कम्पनीको यस ४२औं वार्षिक साधारणमा पेश गरे बमोजिम श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्लाई **कम्पनीको वैधानिक लेखापरीक्षण (Statutory Audit) र कर लेखापरीक्षण (Tax Audit) दुवै लेखापरीक्षण गर्नको लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. ३९९,३००/-** (अक्षेरुपी तिन लाख उनान्सय हजार तीन सय मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) पाउने गरी आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को लागि वैधानिक लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाबाट पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

सोल्टी होटल लिमिटेड
काठमाण्डौं




Soaltee Hotel Limited
★ ★ ★ ★ ★

पोष्ट बक्स नं. ३८००, ताहाचल,
काठमाण्डौं, नेपाल ।
फोन नं. ९७७ १ ४२७३९९९
फ्याक्स नं. ९७७ १ ४२७२२०१ / ४२७२२०६
ईमेल : shl@soaltee.com.np